मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १२३ ● २०८० साल चैत्र ०७ गते बुधबार ● Wednesday 20, March 2024 ● सूर्योदयः बिहान ६:०९ बजे ● सूर्यास्तः साँझ ६:१६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## ‘भन्सार विधेयक लुट्नकै लागि हो ?’



**मधेशदृष्टि**
**रौतहट ।**
आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री सांसद प्रभु साहले भन्सार विधेयक भन्सार उठाउनका लागि हो कि लुट्नको लागि हो भन्दै प्रश्न उठाएका छन् । प्रतिनिधिसभामा अर्थमन्त्री वर्षमान पुनले पेस गरेको भन्सार विधेयकमाथि मंगलबारको बैठकमा आफ्नो धारणा राख्दै सांसद साहले यस्तो बताएका हुन् ।उनले भने, ‘भन्सार विधेयक भन्सार उठाउनका लागि हो कि लुट्नका लागि ? भन्सार उठाउनका लागि हो भने भन्सारमा रहेको कथित पुरस्कारको व्यवस्था खारेज जरुरी छ । भन्सार उठाउनका लागि सरकारले कर्मचारीको व्यवस्था गरेको छ । सुरक्षा निकायलाई नै खटाएको छ । त्यही कामको लागि खटाइएको छ, अनि पुरस्कारको व्यवस्था गरिनु गलत हो ।’
कुनै कर्मचारीले भन्सार छलेको सामग्री पक्राउ गर्दा पुरस्कारका नाममा पैसा खाने काम गरेको उनको भनाइ छ । उनले पुरस्कृत हुनेको नाम सार्वजनिक किन गरिएन भन्दै प्रश्न गरे ।

## तस्करीको काजु खाएर सुशासनको गफ !



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद प्रदीप यादवले भन्सारमा तस्करको राज रहेको आरोप लगाएका छन् । प्रतिनिधिसभाको बैठकमा अर्थमन्त्री वर्षमान पुनले पेस गरेको भन्सार विधेयकमाथि धारणा राख्दै उनले नेपालका भन्सारबाट बिल छलेर तस्करी भइरहेको बताए । उच्च भन्सार लाग्ने बस्तुहरु तस्करी भएर नेपाल भित्रिइरहेको उनले बताए ।
नेपालमा काजु प्रतिकिलो ६ सय रुपैयाँ भन्सार लाग्ने गर्छ । नेपाली बजारमा उपलब्ध सबैजसो काजु भन्सार छलेर भित्रने गरेको उनले बताए । ‘मलाई लाग्छ, अर्थमन्त्रीज्यूले जुन काजु खानुहुन्छ, त्यो भन्सार छलेर ल्याइएको हो । माननीय अर्थमन्त्रीज्यू, तपाईं तस्करले ल्याएको काजु खानुहुन्छ ।’
काजुमा १५ प्रतिशत भन्सार र १५ प्रतिशत अन्तःशुल्क लाग्ने गरेको छ । भ्याटसमेत गरेर काजुमा करिब ५० प्रतिशत भन्सार तिर्नुपर्ने एकीकृत भन्सार महसुल दरबन्दी २०८०–८१ मा उल्लेख छ । चालु आर्थिक वर्षको आठ महिनामा २५ करोड ४९ लाख रुपैयाँको २ लाख ९० हजार किलो काजु आयात भएको भन्सार विभागको तथ्यांक छ । हाल कच्चा पदार्थभन्दा तयारी बस्तुमा कम भन्सार लगाएकाले नेपालमा उत्पादन हुन नसकेको र नेपाली उद्योगीलाई समस्या परेको यादवले बताए ।

## मन्त्री एक, मन्त्रालय तीन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले संसदीय दलका नेता एवम् भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवलाई थप दुई मन्त्रालयको जिम्मेवारी दिइएको छ ।
सोमबार मात्रै भौतिक पूर्वाधार मन्त्रीका रुपमा शपथ लिएका यादवलाई मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समेत कार्यभार सम्हाल्ने गरी तोकेको प्रदेश प्रमुखको सचिवालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।
मधेश प्रदेश सरकारमा नेकपा एमालेले चार मन्त्री र एक राज्य मन्त्री दाबी गरिरहेको छ । तर अहिलेसम्म राजनीतिक दलहरुबीच सहमति भइसकेको छैन । मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको मुख्यमन्त्री सरोजकुमार यादवले नेपाली कांग्रेसले छाडेको मन्त्रालय तत्काल लिन र बाँकी रहेका मन्त्रालयका विषयमा सत्तागठबन्धन भित्र छलफल गरेर टुंग्याइने जानकारी दिइरहेको अवस्थामा नेकपा एमालेभित्र मन्त्री बन्ने आकांक्षी धेरै भएका कारण मन्त्रिमण्डल विस्तारमा ढिलाई भइरहेको छ ।
पार्टी स्रोतका अनुसार, राजकुमार लेखी, शत्रुधन सिंह कोइरी, लखन दास र मो.समिरको नामसमेत मन्त्री हुने चर्चामा छ । त्यसैगरी, महोत्तरीबाट दुईपटक निर्वाचित शारदा थापालाई समेत मन्त्री बनाउन पार्टी नेतृत्व पंक्तिमा उतिकै दबाब छ ।
एमालेमा सहमति नहुँदै संसदीय दलका नेतालाई भने तीन मन्त्रालयको जिम्मेवारी दिएर बजेट चलाउँदै गर्न मुख्यमन्त्रीले छुट दिएका छन् ।

## कानुनमै नभएको सुराकी भत्तामा डेढ करोड बाँडचुँड




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले सुराकी भत्ताका नाममा मोटो रकम बाँडिचुँडी लिएको पाइएको छ । कानुनमै नभएको सुराकी भत्ता खानेमा मुख्यमन्त्री, विभिन्न पार्टीबाट प्रदेश सरकारमा मन्त्री बनेकाहरु र सुशासनका ठूला गफ दिने सरकारी कर्मचारीहरु पनि छन् । अझ मधेश प्रदेशबाट अब्बल सचिव भनेर चर्चा भएका कृष्णहरि पुष्करले पनि सुराकी भत्ता लिएको पाइएको छ ।
कति रकम ककसले कहिलेदेखि लिए ?
जम्मा वितरित रकमः १ करोड ४२ लाख ८९ हजार ६ सय ६६ रुपैयाँ
रकम लिने मन्त्रीको संख्याः ५
रकम लिने राज्यमन्त्रीको संख्याः ३
रकम लिने सचिवको संख्याः ९
रकम बाँडचुँड भएको आर्थिक वर्षः २०७५–७६ देखि २०८०–८१
मन्त्री तथा राज्यमन्त्रीहरुः
१. ज्ञानेन्द्रकुमार यादव (तत्कालीन गृहमन्त्री): ५४ लाख रुपैयाँ
२. भरतप्रसाद साहले (तत्कालीन मन्त्री): २६ लाख ७० हजार रुपैयाँ
३.सत्रुधनप्रसाद सिंह (तत्कालीन मन्त्री): ३ लाख रुपैयाँ
४. मो. समिम (गृहमन्त्री):१ लाख २७ हजार ५ सय रुपैयाँ
५. सरोजकुमार सिंह (राज्यमन्त्री): ३ लाख रुपैयाँ
६. रुबीकुमारी कर्ण (राज्यमन्त्री):१७ लाख ८६ हजार ६ सय ६६ रुपैयाँ
७. केशव राम (राज्यमन्त्री): २ लाख ३ हजार रुपैयाँ
रकम बुझ्ने सचिवहरु
१. जगदीश रेग्मी (सचिव): ४ लाख २० हजार ७ सय १५ रुपैयाँ
२. अर्जुनकुमार शर्मा (निमित्त सचिव): २ लाख ९ हजार २ सय ८५ रुपैयाँ
३. अरुणकुमार झा (निमित्त सचिव): १ लाख ५० हजार रुपैयाँ
४. कृष्णहरि पुष्कर (निमित्त सचिव): ६ लाख २० हजार रुपैयाँ
५. वीरेन्द्रकुमार यादव (निमित्त सचिव): ६ लाख रुपैयाँ
६. रामकुमार महतो (निमित्त सचिव):११ लाख ५० हजार रुपैयाँ
७. देकुमार झा (निमित्त सचिव):९० हजार रुपैयाँ
८. उमेश ढकाल (निमित्त सचिव): १ लाख रुपैयाँ
९. उत्तमप्रसाद खरेल (निमित्त सचिव): ४२ हजार ५ सय रुपैयाँ
मधेश प्रदेश सरकारले २०७५ जेठ १० गते र २०७७ चैत २४ गतेको निर्णयबाट सुराकीवापतको रकम निकास गरेको हो ।
तत्कालीन गृह तथा सञ्चार मन्त्रालयका मन्त्री तथा सचिवलाई भइपरी आउने शान्ति सुरक्षा खर्चबापत मन्त्रीलाई प्रतिपटक ३० हजार रुपैयाँका दरले मासिक ५ पटकसम्म १ लाख ५० हजार रुपैयाँ खर्च गर्न पाउने व्यवस्था अनुसार मन्त्री, राज्यमन्त्री र सचिवले रकम लिएको पाइएको हो ।
राज्यमन्त्रीलाई मासिक १ लाख रुपैयाँ, सचिवलाई एक पटकमा १० हजार रुपैयाँका दरले मासिक ५ पटकसम्म ५० हजार रुपैयाँ दिने निर्णय मन्त्रिपरिषद्ले गरेको हो । गृहमन्त्री, राज्यमन्त्री र सचिवले मासिक बढीमा ३ लाख रुपैयाँ नबढ्ने गरी खर्च गर्न पाउने निर्णय भएपछि सुराकीभत्ताका नाममा रकम बुझेका हुन् ।

## गोली हानेर ‘मस्ट वान्टेड’ समातियो

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रहरीले दुई भारतीय ‘मस्ट वान्टेड अपराधी’ लाई गोली प्रहार गरी हतियारसहित नियन्त्रणमा लिएको छ । विशेष सूचनाका आधारमा प्रहरीले बरहथवा नगरपालिका–६, मगर टोलबाट एक थान अमेरिकन पेस्तोल र ६ राउन्ड गोलीसहित भारत, सीतामढी थाना सैयाराग्रामका २८ वर्षीय सन्नीकुमार सिंह र मोतिहारी गङ्गापिपराका २४ वर्षीय जितेन्द्र कुमार राउतलाई पक्राउ गरिएको हो ।
उनीहरू दुवै भारतीय प्रहरीको ‘मस्ट वान्टेड अपराधी’ को सूचीमा रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सोमबार राति इलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी नायब उपरीक्षक (डिएसपी) मुक्तिनाथ सापकोटाको नेतृत्वमा खटिएको प्रहरी टोलीले घर घेरा हालेर दुवै जनालाई नियन्त्रणमा लिएको हो ।
घटनास्थलबाट एक थान पेस्तोल, त्यसमा लाग्ने एक थान म्याग्जिन, ६ राउन्ड गोली र फायर भएका गोलीको एक थान खोकासमेत बरामद भएको प्रहरीले जनाएको छ ।
दुवैलाई पक्राउ गरी सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालय ल्याउँदै गर्दा बसबरिया गाउँपालिका–६, पोखरियाबाट जितेन्द्रकुमार भाग्न खोज्दा गोली प्रहार गर्नुपरेको प्रहरीले जनाएको छ । गाडीबाट भाग्ने क्रममा जितेन्द्रलाई पाँच राउन्ड गोली फायर गरी नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) दयानिधि ज्ञवालीले जानकारी दिए ।
जितेन्द्रको बायाँ घुँडा र दाहिने तिघ्रामा दुई राउन्ड गोली लागेको छ । घाइते जितेन्द्रलाई प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपश्चात् जनकपुर रिफर गरिएको प्रहरी उपरीक्षक ज्ञवालीले बताए । जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा रहेका सन्नीकुमार सिंहलाई मङ्गलबार बिहान पत्रकार सम्मेलन गरी बरामद पेस्तोल र गोलीसहित सार्वजनिक गरिएको छ ।

## क्षीरेश्वरनाथमा नौदिने यज्ञ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वर नगरपालिकाको दुर्गा टोलस्थित क्षीरेश्वरनाथ महादेव मन्दिर परिसरमा कर्मेश्वर मानव सेवा संस्थान जयनगरले विश्व कल्याणका लागि नौदिने महायज्ञ आयोजना गरेको छ । संस्थाका संस्थापक पण्डित चण्डेश्वर बाबा र जयनाथ बाबाको रेखदेखमा यज्ञ सञ्चालन भइरहेको छ ।
नेपाल र भारतका हजारौँ भक्तजनको उपस्थिति छ । संस्थाका प्रतिनिधि शैलेन्द्र कुमारले बाबाको आदेशमा जनहितका लागि हरेक वर्ष यज्ञ आयोजना गरिँदै आएको बताए ।
यसको सम्पूर्ण खर्च संस्थाले व्यहोर्ने छ । उनले १३ मार्चदेखि २३ मार्चसम्म चल्ने यज्ञ विधिपूर्वक महाभण्डारसहित समापन गरिने बताए । यज्ञस्थलमा अखण्ड सीतारामको नाममा धुन बजिरहेको छ ।
मिथिलाको प्रसिद्ध ८४ कोस परिक्रमाको जुलुस पनि यहीँ रोकिन्छ । हजारौँ सन्त–भक्त पनि आउँछन् । खाना र बासको पूर्ण व्यवस्था गरिएको छ । अन्तिम दिनसम्म निरन्तर हवन पूजा गरिन्छ ।
यज्ञस्थलमा प्राचीनकालदेखि नै रामायणसँग सम्बन्धित धेरै रहस्य छन् । यसबारे मन्दिरको क्षीरेश्वरनाथ धर्म संस्था कार्यसमितिका अध्यक्ष मदन घिमिरे र स्थानीय अशोक ठाकुरले माता सीता आफैँ यहाँ आएर महादेव र विष्णुको पूजा गर्ने गरेको बताए । यहाँ विशाल शिवलिंग स्थापना गरिएको छ । माता पार्वती, गणेश मन्दिर, बुढानीलकण्ठ नारायण मन्दिर, हनुमान मन्दिरलगायत धेरै देवीदेवताका मन्दिर छन् ।
यहाँ क्षीरेश्वर सतीको उत्पत्ति भएको उनले बताए । साथै महादेवको शिवलिङ्ग भगवान विष्णुले स्थापना गरेका हुन् । पुरानो धार्मिकस्थल भए पनि यहाँ सरकारको ध्यान गएको छैन ।
यसलाई राम्ररी विकास गर्न सके धार्मिक दृष्टिकोणले पनि यो ठाउँले छुट्टै महत्व पाउने देखिन्छ ।
हेमन्त पण्डित, श्याम यादव, उपेन्द्र महतो, राकेश राउत, वीरेन्द्र साह, कमलेश कुमारसहितको यज्ञमा योगदान रहको छ ।

## आजपा केन्द्रीय सदस्य यादव जसपामा प्रवेश



**मधेशदृष्टि**
**रौतहट ।**
प्रभु साह नेतृत्वको आमजनता पार्टीका केन्द्रीय सदस्य एवं आईटी आर्मीका केन्द्रीय बरिस्ठ उपाध्यक्ष निमेष यादव जनता समाजबादी पार्टीमा प्रवेश गरेका छन् । रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवलबा घर भएका निमेष यादव आजपा परित्याग गरी जसपामा प्रवेश गरेका हुन् ।
मंगलबार काठमाडौँ स्थित जसपा पार्टी कार्यालयमा एक कार्यक्रमका बीच यादवसँगै आजपाका दर्जनौ नेताहरुलाई जसपामा प्रवेश गरेको पूर्व मन्त्री योगेन्द्र यादवले जानकारी दिए । नवप्रवेशीलाई जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले खादा ओढाएर स्वागत गरेका थिए ।

## लोसपाको केन्द्रीय कार्यसमिति बैठक बर्दिवासमा

**मधेशदृष्टि**
**महोत्तरी ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको केन्द्रीय कार्यसमितिको बैठक महोत्तरीको बर्दिवासमा मंगलबारदेखि सुरु भएको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा सुरु बैठकमा आगामी राजनितिक कार्यदिशा, संगठनात्मक सुदृढिकरण, पार्टीको विधान, भातृ तथा शुभेच्छुक संगठनहरुको पुर्नगठन तथा विस्तार र पार्टीको आर्थिक गतिविधीसहित विविध विषयमा वृहत छलफल हुने बैठकमा सहभागी लोसपाका उपाध्यक्ष तथा मधेस प्रदेश अध्यक्ष जितेन्द्र सोनलले जानकारी दिए ।
दुई दिनसम्म चल्ने कार्यसमिति बैठकमा पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी छोडेपछि उत्पन्न परिस्थिती, त्यसले संगठनमा पारेको प्रभाव र त्यसको संरक्षणका लागि के कसरी अगाडि बढने भन्ने विषयमा पनि छलफल हुने सोनलले बताए ।

## मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरीको भंगहा नगरपालिका वडा नम्बर ५ का ३५ वर्षीय कैलास साह छन् । उनी लोसपाका भंगहा वडा नम्बर ५ का अध्यक्ष तथा निर्माण व्यवसायी हुन् । उनी सवार मधेश प्रदेश ०२–००७ प ४२६४ नम्बरको मोटरसाइकल सोमबार राति जनकपुर–ढल्केवर सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका वडा नम्बर ६ स्थित बसही खोलाको पुलमा दुर्घटना भएको थियो ।
जनकपुरतर्फ आउन लागेको बेला राति साढे १२ बजे दुर्घटना हुँदा गम्भीर घाइते उनलाई उपचारको लागि ढल्केवर स्वास्थ्यचौकी पश्चात प्रादेशिक अस्पताल जनकपुरमा लगिएको थियो । उपचारको क्रममा राति करिब ३ बजे उनको मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले बताए ।

## बाँदर आतंक रोक्न नगरपालिकालाई ज्ञापनपत्र



**मधेशदृष्टि**
**महोत्तरी ।**
गौशाला नगरपालिकामा अधिकांश खेतीयोग्य जग्गा क्षेत्रमा बाँदरले आतङ्क मचाइरहेको भन्दै स्थानीय नागेन्द्र सत्या र देवनारायण महतोले ज्ञापनपत्र मार्फत नगरपालिकालाई जानकारी गराएका छन् । मराहा नदी र बाँके खोलले बीचको भू–भाग पर्ने क्रमशः वडा नम्बर ११, १२, १०,९,७ मा विशेष क्षति पुर्याइरहेको भन्दै उनीहरुले पालिकाको ध्यानाकर्षण गराएका हुन् ।
स्थानीयहरु कृषि पेशामै आश्रित रहेको वडा नम्बर १०, ११, १२ क्षेत्रमा पर्ने वन जंगलसँग जोडिएको किसानको बारीमा बादरले क्षति पुर्याएको र किसानहरु मारमा परेको उनीहरुको भनाइ छ । किसानहरुको पीडालाई मध्यनजर गर्दै बादरले आतंक मचाई क्षति पुर्याएको क्षेत्रको अनुगमन गरी किसानहरूलाई राहत उपलब्ध गराउन र बाँदरलाई नियन्त्रणका लागि पहल थाल्न माग गरेका छन् । त्यसक्रममा नगर प्रमुखले बादर आतंक नियन्त्रण गर्न पहल चालिसकेको जानकारी दिएका छन् ।

## मिटरब्याजीको ११ करोड बढीको मिलापत्र गराइयो



**रासस**
**महोत्तरी ।**
महोत्तरीमा परेको मिटरब्याजीसम्बन्धी निवेदनउपर कारबाही गरी ११ करोड १५ लाख रुपैयाँ बढीको मिलापत्र गराइएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले दिएको जानकारीअनुसार महोत्तरीका विभिन्न ठाउँबाट आएको अनुचित लेनदेन (मिटरब्याजी)सम्बन्धी विवादमा ११ करोड १५ लाख ३८ हजार चार सय ९२ रुपैयाँको मिलापत्र गराइएको हो ।
उनका अनुसार जिल्लामा कूल दुई हजार आठ सय ३० मिटरब्याजसम्बन्धी निवेदन आएकामा ऋणी र धनी दुवै पक्षलाई बोलाएर एक हजार तीन सय ३९ निवेदनउपर छलफल गराई सात सय ५९ निवेदनमा मिलापत्र गराउन सफल भएर त्यति रकम बराबरको मिलापत्र गराइएको हो ।
त्यसैगरी, ऋणीबाट साहुद्वारा लिइसकिएको २० बिघा १३ धुर जग्गा पनि तिनै छलफलमार्फत फिर्ता गराउनसमेत सफल भएको प्रहरी नायब उपरीक्षक गिरीले बताए । अहिले जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजी सम्बन्धी निवेदनउपर दैनिक रुपमा निरन्तर छलफल, सुनुवाइ र कारबाही प्रक्रिया तीव्र गतिले अगाडि बढाइएको छ । निवेदनहरुमा मिलापत्र गर्ने÷गराउने संख्यामा दिनानुदिन वृद्धि भइरहेको छ । पछिल्लो एक महिना (फागुनभरी) मा मात्रै जिल्ला प्रहरी कार्यालय एक सय ८६ निवेदनउपर छलफल गराउँदा एक सय ५५ निवेदनमा मिलापत्र गराउन सफल भएको हो ।
ती निवेदनबाट चार करोड ९० लाख एघार हजार तीन सय ३४ रुपैयाँको मिलापत्र र सात बिघा १३ धुर जमिन फिर्ता गराइएको हो ।

## 'के प्रमाण हुँदा रविमाथि अनुसन्धान हुन्छ ?'



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेमाथि सहकारी ठगीसम्बन्धी लागेको आरोपबारे छानबिनका लागि संसदीय समिति गठन गर्नुपर्ने माग गरेको छ । मंगलबारको प्रतिनिधिसभा बैठकमा लामिछानेमाथि लागेको आरोपबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिएको जवाफ आफूलाई चित्त नबुझेको कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बताएका हुन् । प्रधानमन्त्रीसँगको प्रश्नोत्तर सकिएलगत्तै कांग्रेस सांसदहरुले उठेर विरोध गरेका थिए ।
त्यसक्रममा सभामुखले समय दिएपछि बोलेका कांग्रेस प्रमुख सचेतक रमेश लेखकले लामिछानेका विषयमा प्रधानमन्त्रीले गरेको दाबीमाथि नै प्रश्न उठाएका हुन् ।
प्रमुख सचेतक लेखकले भने, 'प्रधानमन्त्रीको जवाफले चित्त त बुझेन, बरु चिन्ता जाग्यो । चिन्ता के भने सम्माननीय प्रधानमन्त्रीलाई गलत जानकारी दिइँदैछ', लेखकले भने, 'प्रधानमन्त्री नै अँध्यारोमा हुनुहुन्छ भने निष्पक्ष छानबिन कसरी होला होला ?' प्रमुख सचेतक लेखकले गृहमन्त्री लामिछाने सहकारी ठगीमा प्रत्यक्ष सङ्लग्न रहेको पर्याप्त प्रमाण रहेको र सहकारी ऐनमा राखिएको गैर सदस्यले कर्जा नपाउने व्यवस्थाको उल्लङ्घन भएर गैरकानूनी रुपमा कर्जा प्रवाह भएको बताए । 'प्रधानमन्त्रीज्युले पर्याप्त प्रमाण छैन भन्नुभयो । तर हामी भन्छौं, पर्याप्त प्रमाण छन् । यस विषयमा निष्पक्ष छानबिनको वातावरण सिर्जना गरौं ।
संसदभित्रै छानबिन समितिको माग हामी गर्दछौं ।'
पीडितले दिएको जाहेरी, पोखरा महानगरपालिकाको अध्ययन प्रतिवेदन र स्वयं लामिछानेले सरकारी अड्डामा गरेको कागजात बाहिर आइसक्दा प्रधानमन्त्रीले प्रमाण छैन भनेको उल्लेख गर्दै लेखकले प्रश्न गरे, 'के प्रमाण हुँदा अनुसन्धान हुन्छ ?' विगतमा विभिन्न मन्त्रीहरुमाथि प्रश्न उठ्दा नैतिकताका आधारमा राजीनामा दिएका उदाहरण प्रस्तुत गर्दै उनले गृहमन्त्री लामिछानेले पनि नैतिकताका आधारमा राजीनामा दिनुपर्ने र अनुसन्धानमा सघाउनुपर्ने सुझाए ।

## पालिका कपः दोस्रो चरणको खेलमा गौर विजयी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट क्रिकेट संघद्धारा आयोजित पालिका कप क्रिकेट टुर्नामेन्ट २०८० पहिलो संस्करण अन्तर्गत मंगलवार भएको दोश्रो चरणको पहिलो खेलमा कटहरिया टीमलाई ६४ रनको अन्तरले पराजित गर्दै गौर टीम विजयी विजयी भएको छ ।
जिल्ला सदरमुकाम गौरस्थित राइस मिल्सको खेल मैदानमा गौर टीमले टस जितेर पहिलो ब्याटिंग गर्दै निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १४८ रनको योगफल तयार पारेको थियो । जवाफमा कटहरिया क्रिकेट टिमले १८ ओभर ४ बलमा ८४ रन बनाउँदै सबै विकेट गुमायो ।
गौर टिमको लागि सितेश तिवारीले ३२ बलमा ४ चौका र ३ छक्काको मद्दतबाट नटआउट रहदै ५१ रन बनाएका थिए ।
सुन्नी साह २४, राज पटेल १६, करण साह १५, रवी साह १४ र विवेक साह १० रन बनाएको थियो । कटहरियाका नरेश साह २८ र अशलमले १० रन बनाए भने अन्य ब्याटर दोहोरो अंकमा पुग्न जोड्न सकेनन् । गौरका अलराउण्डर सितेश तिवारीले उत्कृष्ट बलिङ गर्दै तीन ओभरमा मात्र १४ रन दिएर ३ विकेट लिएका थिए ।
तिवारीलाई म्यान अफ द म्याच घोषित गरिएको क्रिकेट संघका मिडिया कोडिनेटर प्रविण टिब्ङेवालले जानकारी दिएका छन् । क्रिकेट संघ रौतहटको आयोजनामा जारी जिल्ला स्तरीय पालिका कप क्रिकेट टुर्नामेन्ट प्रतियोगितामा जिल्लाको १८ वटै स्थानिय तहबाट एक÷एक गरी १८ वटा टिम सहभागी रहेका छन् ।

## अर्थमन्त्री र चिनियाँ राजदूत बीच भेटवार्ता

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुन र नेपालका लागि चिनियाँ राजदुत छन् सोङबीच शिष्टाचार भेटवार्ता भएको छ । मंगलबार अर्थमन्त्रालयमा भएको भेटघाटमा द्विपक्षीय आपसी हित र सहकार्यका विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ । भेटमा अर्थमन्त्री पुनले चिनियाँ सहयोग तथा लगानीमा निर्माणाधीन विकास आयोजनाका कामलाई तीव्रता दिन आग्रह गरे । त्यस्तै, लगानी प्रक्रियामा रहेका आयोजना शीघ्र अघि बढ्ने विश्वास पनि उनले व्यक्त गरे ।
पछिल्ला दशकमा चीनले आर्थिक विकास र गरिबी निवारणका क्षेत्रमा गरेको काम विश्वकै लागि उदाहरणीय रहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले चीनको अनुभव नेपालका लागि पनि सान्दर्भिक हुनसक्ने बताए । नेपालको अर्थतन्त्रमा केही शिथिलता देखिएको र जनताको विकासको आकाङ्क्षा उच्च भएकाले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय निकायबाट नेपालले अतिरिक्त सहयोगको अपेक्षा राखेको पनि अर्थमन्त्री पुनले बताए । चिनियाँ लगानीमा चक्रपथको दोस्रो खण्डको काम छिट्टै अघि बढ्ने विश्वास पनि उनले व्यक्त गरे । जिलोङ–केरुङ–रसुवागढी–चिलिमे दुई सय २० केभी अन्तरदेशीय प्रसारणलाइन निर्माण पनि तत्काल अघि बढाउनुपर्ने उनले बताए ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को गत असोजमा भएको चीन भ्रमणका क्रममा 'क्रस हिमालय रेलवे' परियोजनालाई प्राथमिकताका साथ अघि बढाउने सहमति भएकामा चिनियाँ पक्षबाट भइरहेको सम्भाव्यता अध्ययनको प्रगतिबारे अर्थमन्त्री पुनले चासो व्यक्त गरे । नेपाल र चीनबीच रेल मार्गसम्बन्धी परियोजनामा यसअघि नै सैद्धान्तिक सहमति भइसकेको छ । केरुङ–काठमाडौँ–पोखरा–लुम्बिनी रेलमार्गको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण जारी छ । 'रेल मार्ग नेपालीको सपना हो । यो आयोजनालाई हामीले प्राथमिकतामा राखेका छौँ र चिनियाँ पक्षबाट छिटो काम अघि बढोस् भन्ने चाहन्छौँ' अर्थमन्त्री पुनले भने । तातोपानी र रसुवागढी नाका नियमित सञ्चालनमा आएकामा अर्थमन्त्री पुनले चिनियाँ पक्षलाई धन्यवाद व्यक्त गरे । चीनसँगका अरू नाका खोल्नका लागि पनि चिनियाँ पक्षसँग उनले आग्रह गरे । टोखा–छहरे सुरुङमार्ग निर्माणलाई नेपालले प्राथमिकतामा राखेकाले उक्त आयोजनाको सम्भाव्यता अध्ययनको काम चाँडो सकिने विश्वास पनि उनले व्यक्त गरे ।
आगामी वैशाखमा आयोजना हुन लागेको लगानी सम्मेलनका लागि चिनियाँ लगानीकर्तालाई निमन्त्रणा गरिसकिएको जानकारी दिँदै अर्थमन्त्री पुनले उक्त सम्मेलनमा बढीभन्दा बढी लगानीकर्ता आउन प्रेरित गरिदिन राजदूत छनमार्फत आग्रह गरे । भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु गर्न पनि उनले आग्रह गरे । जवाफमा राजदूत छनले चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण र प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति कार्यान्वयनमा जोड दिए । उनले नेपाल र चीनबीच लामो मित्रता तथा सहकार्य रहेको उल्लेख गर्दै आगामी दिनमा आपसी समन्वय र सहकार्य थप प्रगाढ हुने विश्वास व्यक्त गरे ।
राजदूत छनले नेपालको लगानी सम्मेलन सफलताको शुभकामना दिँदै चिनियाँ व्यवसायीको लगानी सम्मेलनमा उत्साहजनक सहभागिता रहने प्रतिबद्धता जनाए । चीनले नेपालको आर्थिक र सामाजिक विकासलाई उच्च प्राथमिकतामा राखेको जानकारी गराउँदै उनले कृषि, उद्योग र प्रविधिको क्षेत्रमा लगानी गर्न इच्छुक रहेको बताए ।
'चीन–नेपाल सम्बन्ध उचाइमा पु¥याउन तथा नेपालको विकास र समृद्धिमा हातेमालो गर्न चाहन्छौँ । साथै दुई देशबीच आगामी दिनमा आपसी समन्वय र सहकार्य थप प्रगाढ हुने विश्वास दिलाउन चाहन्छौँ' राजदूत छनले भने । पोखरा र भैरहवा विमानस्थलमा चिनियाँ कम्पनीका जहाजले उडान गर्नेबारे छलफल चलिरहेको जानकारी पनि उनले गराए । त्यसका लागि हवाई रुटका साथै पोखरा–काठमाडौँ र भैरहवा–काठमाडौँ उडानको अनुमति चाहिने उल्लेख गरे ।

## लगातार मारिँदै बाघ जुँगा, पुच्छर र दाँत चोरी

**मधेशदृष्टि**
**बारा ।**
तामागढी साझेदारी वन क्षेत्रमा गोली हानेर मारिएको बाघको पुच्छर, दाँत र जुँगा चोरी भएको पाइएको छ । गोली हानेर मारिएको अवस्थामा बाघ कोल्हवी सब डिभिजन वन कार्यालयको टोलीले मङ्गलबार फेला पारेको हो ।
करिब ३ वर्षको पोथी बाघ वन क्षेत्रभित्र मृत भेटिएको हो । बाघको नाकको माथिल्लो भागमा गोली हानिएको पाइएको छ भने दाँत झिकिएको, पुच्छर काटिएको र जुँगासमेत निकालिएको अवस्थामा फेला परेको कोल्हवी सब डिभिजन वन कार्यालयका प्रमुख अब्दुल मियाँ अन्सारीले बताए ।
अन्सारीका अनुसार बाख्रा हराएको भन्दै गाउँले जङ्गलमा खोज्न जाँदा बाघ मरेको पाइएको खबर आएको थिए । उनले भने, 'गोली लागेको बाघको पुच्छर, दाँत, जुँगा चोरी भएको छ । कसले किन मारेको भनेर पत्ता लागेको छैन ।'
बाघको शव हेर्दा २ दिनअघि मारिएको अन्सारीको अनुमान छ ।
बाघको शव परीक्षणका लागि जिल्ला पशु कार्यालय बाराका पशु चिकित्सकको टोली आएको थियो । तामागढी साझेदारीमा वनमा मारिएको यो बाघसँगै पछिल्लो एक डेढ महिनाको अन्तरमा बारामा आधा दर्जन बाघ मरिसकेका छन् ।
४ दिनअघि बाराको कछडिया सामुदायिक वनमा करिब ८ वर्षको जवान भाले बाघ विष हालेर मारिएको अवस्थामा फेला परेको थियो । फागुन दोस्रो साता पर्साको सखुवा प्रसौनी गाउँपालिका–२ मा ४ दिनको अन्तरमा २ वटा जवान भाले र पोथी बाघ मृत भेटिएका थिए ।
पर्साको ठोरीबाट नियन्त्रणमा लिएर पर्सा राष्ट्रिय निकुञ्जको खोरमा राखिएको ३ वटा बाघमध्ये २ वटा बाघको मृत्यु भएको छ ।
सन् २०२२ को डिसेम्बरमा भएको राष्ट्रिय बाघ गणनामा पर्सा राष्ट्रिय निकुञ्जमा ४१ दुर्लभ पाटे बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । निकुञ्जको मध्यवर्ती क्षेत्र, राष्ट्रिय वन, साझेदारी र सामुदायिक वनको ठूलो भूभाग अतिक्रमण भएर बस्ती र कृषि भूमिमा परिणत भएको छ । निकुञ्ज बाहिर निस्किएका बाघले पशु चौपाया र मानिसको ज्यान लिने र विभिन्न कारणले बाघको समेत ज्यान जाने गरेको छ ।
पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले निकुञ्ज बाहिर निस्किएका बाघलाई जोगाउनै मुस्किल भएको बताए । पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको लागि पिउने पानी अभाव हुँदा बाघ जङ्गल बाहिर निस्कने गरेको निकुञ्जले जनाएको छ ।

# होलीको गीतले गुञ्जायमान हुन थाल्यो मिथिला



**रासस**
**जलेश्वर ।**
रङ र अबिरको पर्व होलीको दिन नजिकिँदै गर्दा अहिले मिथिलाको प्रत्येक गाउँ÷सहर होलीको गीत (जोगिरा)ले गुञ्जायमान हुन थालेको छ । नेपालका तराई मधेश र भारतको विहार राज्यको अधिकांश जिल्ला समेटिएर बनेको मिथिला क्षेत्रमा अहिले साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थालेको छ भने चारैतिर जोगिरा (होली गीत)को धुन सुनिन थालेको छ ।

उमेरले ६० पुग्न आँटेका जलेश्वर नगरपालिका–८ बजराही गाउँका विपेन्द्र पाण्डे अहिले साँझ पर्नासाथ आफ्ना घरबाट हातमा डम्फू समातेर गाउँको चौबाटोस्थित मिलन चोकमा पुग्ने गर्छन् । त्यस्तै गाउँको उत्तरबारी टोलबाट हारमुनियम लिँदै स्थानीय ५५ वर्षीय रामदेव महरा पनि सूर्यास्त हुनासाथ सोही चौकमा पुग्छन् । यी दुवै जनाको आगमन भइसकेको खबर पाउनासाथ गाउँको पछियारी टोलबाट ४४ वर्षीय मोहन साह पनि आफ्नो घरबाटै दुवै हातले झ्याली पिट्दै मिलन चौकमा पुग्ने गर्छन् भने गाउँको पूर्वारी टोलबाट ७० वर्षीय गौरी चौधरी पनि ढोल बजाउँदै सो चोकमा आइपुग्ने गर्छन् ।

विभिन्न वाद्यवादनका साथ मिलन चोकमा आइपुग्ने यी चारजनाबाहेक गाउँकै लोकगायक अरुण पाण्डे, धीरेन्द्र चौधरी, आशनारायण मण्डलसहित अन्य थुप्रै व्यक्ति पनि साँझको दियो बल्ने बित्तिकै मिलन चोकमा जम्मा हुने गर्दछन् । आपसी भाइचारा, प्रेम सद्भाव, सुख दुःख साटासाट गर्न र पुस्तौंदेखि चल्दै आइरहेको होलीगीत (जोगिरा)को संरक्षण र प्रवद्र्धनका लागि अहिले दैनिकरुपमा जम्मा हुने गरेका छन् ।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थाल्छन् । होलैयाहरु (जोगिरा गाउने) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँको टोलटोलमा आ–आफ्ना घरआँगनमा बसिरहेका जोकोही पनि प्रसन्न एवम् खुसी हुने गर्दछन् । होलैयाहरुले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका बाजा लिएर विभिन्न धुन र सङ्गीतको सृजना गर्दै सुरु गरेका जोगिरा राति ११/१२ बजेसम्म निरन्तररुपमा चलिरहन्छ ।

विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा बाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्दछ भने जोगिराका क्रममा हुने नाच र गान समेतमा ठूलो संख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) अरुण पाण्डेले बताए । जलेश्वर नगरपालिका–८ बजराही गाउँका जोगिराटोली निकै चर्चित छ । यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको समावेशिताले यसलाई झन् अद्भुत बनाइदिएको स्थानीय मुसलिम अगुवा सकुर राइनको बुझाइ छ ।

हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यतालाई सदरमुकाम जलेश्वर नगरपालिका–८ बजराही गाउँमा गलत साबित गर्दै स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवा अगाडि बढेको नेपाली कांग्रेसका स्थानीय युवा नेता अनिल पाठक बताउँछन् । वर्षौंदेखि यहाँका मुस्लिम हिन्दूको पर्वमा र हिन्दूहरु मुस्लिमको चाडपर्व एकसाथ मनाउँदै आएको उनको भनाइ छ ।

होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवा देश परदेशबाट आ–आफ्नो गाउँ फर्किएको वडा नं ७ का वडाध्यक्ष रामछविला यादव बताउँछन् । जोगिराको धुनले अहिले रातभरि गाउँलेलाई नसुत्ने बनाएको उनको भनाइ छ । मिथिला क्षेत्रसहित सम्पूर्ण देशकै लागि खुसी र उमङ्गको पर्व होलीलाई निम्ता दिँदै युवा, वयस्क तथा वृद्धसमेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएको स्थानीय जीतेन्द्र शर्माले बताए ।

स्थानीय शिवचन्द्र कापरका अनुसार यस वडामा अहिले कतिबेला साँझ पर्ने र कतिबेला होलैया आएर जोगिरा सुरु गर्ने प्रतिक्षामा घरघरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धासमेत बसिरहेका हुन्छन् भने जोगिरा सुरु हुने बित्तिकै प्रत्येक घरघरबाट निस्केर सबैजना होली गीत सुन्नका लागि चोकसम्म पुग्ने गर्दछन् ।

देश, विदेशमा बस्दै आएका सम्पूर्ण मिथिलाञ्चलवासीलाई



मन पर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका–७ बनौली गाउँमा पनि निकै धुमधामका साथ गाइने तथा सुन्ने गरिएको स्थानीय सञ्चारकर्मी एवं होलैया रहनुभएका स्थानीय सञ्चारकर्मी ४० वर्षीय नवीन प्रियदर्शी बताउँछन् । सो गाउँमा पनि परम्परकालदेखि जोगिरा गाउने प्रचलन रहेको र जोगिरा गाउनका लागि कुनै पनि उमेर समूहले बाधा नपारेको उनको भनाइ छ । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर–सत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको उनले थपे ।

*‘जोगिरा सररर, जोगिरा सररर ।’*
*‘मिथिलामे राम खेलैया होली, मिथिलामे ।*
*मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।’*
*‘किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोली । मिथिलामे’*
*‘सीताजीके सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोली ।*
*हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे ।’*
*‘जोगिरा सररर, जोगिरा सररर ।’*

*‘रङ्ग बरसे भिगे चुनरबाली रंग बरसे, हो रङ्गबरसे भिगे चुनरवाली रंगबरसे’*

*‘सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया ।*
*सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया ।’*
*सीया झारु नम्बी केश,*
*सीया हो, हो, हो । सीया झारु नम्बी केश,*
*सीया हो, हो, हो सीया झारु नम्बी केश । राम लैहे सोनेके ककहिया ।’*

कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा केही दिनदेखि दिनदेखि रातिको समय होलैयाको भीडले मेलाजस्तै लाग्ने तथा उनीहरुले गाउने होलीगीत (जोगिरा)ले गाउँ नै गुञ्जायमान हुनेगरेको स्थानीय सुनिल ठाकुले बताए । जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँजस्तै जोगिराको धुनमा अहिले महोत्तरीको मनरासिस्वा नगरपालिका–९ बथनाहा गाउँ पनि रङ्गिएको पूर्ववडाध्यक्ष बलिराम रायले बताए । उनले अहिले बथनाहामा पनि कतिबेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दा प्रतीक्षामा रहने गरेको बताउँछन् ।

स्थानीय ललिन्द्र दुवे, समीर राय, भोगी कापरसहितका होलैयाले ढोल बजाउन, झ्याली पिट्न, हारमोनियम बजाउन र गीत गाउन सुरु गरेपछि बथनाहा गाउँ पनि रङ्गीन हुने गरेको छ । राति अबेरसम्म चलिरहने गीत–सङ्गीत, हाँसो ठट्टाले दैनिक रुपमै होली चलिरहेको आभास गराउने गरेको स्थानीय युवा नेता चन्दन दुबेले बताए । होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँगाउँमा जोगिरा गाउन सुरु भएको छ । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाको प्रत्येक गाउँटोलमा चैतको फागुन २० गतेदेखि नै प्रत्येक रातिको बेला ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका साथ जोगिरा गाउने चलन चलिरहेको छ ।

*‘फागुन आयो, होली ल्यायो’*
*‘मारो भरभर कर पिचकारी’*
*‘होली आयो, मस्ती छायो’*
*‘मारो भरभर कर पिचकारी’*
*‘जोगिरा सररर, जोगिरा सररर ।’*
*‘कई हातका धोती पहना, कई हात लपेटा’*
*‘कई घाटका पानी पिया, कई बापका बेटा’*
*‘जोगिरा सररर, जोगिरा सररर ।’*

जस्ता सयौँ गीत, चुट्किला, हाँसो ठट्टा र दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको होलीलाई आगमनको प्रतीक्षामा अहिले महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा, भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा सुुरु भइसकेको छ ।

जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेको बेला जोगिरा गाउनकै लागि अहिले रातिको बेला युवा तथा वृद्धलाई घरघरबाट तानेर ल्याएर राति अबेरसम्म जाग्राम गराउने तथा जोगिरा गाउन लगाउने गरिएको जलेश्वर नगरपालिका–२ का प्रवीण साहले बताए । उनले होलैयाले जोगिराले एकापसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफू रातिको बेला गाउँको चोकचोकमा ठूला संख्यामा भेला भएर जोगिरा गाउने गरेको बताए ।

मिथिलाञ्चलभरि चलिआएको जोगिरालाई पछिल्लो केही वर्षदेखि भारतको विहार र उत्तर प्रदेश राज्यसँग सीमा जोडिएका मिथिलाञ्चल क्षेत्रमा भोजपुरी भड्किलो गीत, खुल्ला मदिरा व्यापार र चर्को आवाजमा बजाइने बाजाको प्रभावले अशान्त तुल्याउने गरेको मनरासिस्वा नगरपालिका–४ का ७५ वर्षीय अरुण सिंहले बताए । परापूर्वकालदेखि चलिआएको जोगिरा गायनको संरक्षण गर्नुपर्नेमा उनको जोड छ । होली गीत केवल मनोरञ्जनको साधन वा गीत नभएर हाम्रो परम्परा एवं हाम्रा पुर्खाको धरोहर रहेको र यस परम्परा तथा धरोहरलाई संरक्षण, संवद्र्धनका साथै यसको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व रहेको बताउँछन्, संस्कृतिविद् धुरव राय ।

मिथिलाञ्चलका गाउँगाउँमा रहेका मठमन्दिर, चौतारा, पार्टी, पौवा, दोबाटो, चौबाटो अहिले रातिको बेला सङ्गीतमय बनेको बेला मिथिलामा विभिन्न देवीदेवताको आगमन हुने गरेको भन्दै मटिहानी नगरपालिका–८ का राजनीतिकर्मी वशिष्ठ मिश्रले जोगिराको संरक्षण, संवद्र्धन तथा जगेर्नाका लागि स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनु जरुरी रहेको बताए । होलीगीत मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति रहेकाले यसको संरक्षणमा लाग्नुपर्ने नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलको पनि मत रहेको छ ।

# खैरो हिरोइनसहित ४ जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बीरगंजको छुट्टाछुटै दुई स्थानबाट लागु औषध खैरो हिरोईन सहित ४ जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकस्थित सडकखण्डमा जिल्ला प्रहरी कार्यालय तथा प्रहरी चौकी ईनर्वाबाट खटिएको टोलीले चेकजाँचको क्रममा शंकास्पद रुपमा रक्सौलबाट वीरगंज तर्फ आउदै गर्दा चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नम्बर १७ शारदानगर बस्ने २४ बर्षिय अमित गुरुङ र २४ बर्षिया सुनिता वि.क.लाई चेकजाँचको क्रममा विकले लगाएको ब्रा भित्र लुकाई छिपाई राखिएको अवस्थामा १ ग्राम खैरो हिरोईन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी कुमार विक्रम थापाले बताए । यसैगरी वीरगंज महानगरपालिका वडा नम्बर १५ स्थित चालीस फिट्टे सडकमा चेकजाँचको क्रममा बा ९५ प २३०३ नम्बरको स्कुटीमा सवार रौतहटको चन्द्रपुरनगरपालिका वडा नम्बर ५ निवासी २४ बर्षिय सेजल श्रेष्ठ र पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर २ निवासी १९ बर्षिय बिजय साहको साथबाट १ ग्राम खैरो हिरोईन बरामद गरेको थापाले बताए । चारै जना अभियुक्तहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखि लागु औषध सम्बन्धी कसूरमा थप अनुसन्धान अगाडी बढाईएको थापाले बताए ।

# डिजिटल कक्षा स्थापना

**मधेशदृष्टि**
**वीरगंज ।**
रोटरी क्लब अफ वीरगञ्ज र रोट्र्याक्ट क्लबले वीरगंजको एक विद्यालयमा डिजिटल कक्षाको स्थापना गरेको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर ३० मा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा विद्यार्थीको लागि प्रविधि मार्फत अध्ययनका लागि डिजिटल कक्षाको स्थापना गरेको हो । डिजिटल कक्षाको मधेश प्रदेश सरकारका पूर्व उर्जा तथा सिंचाई विकास मन्त्री तथा रोटरी क्लबका पूर्व अध्यक्ष ओमप्रकाश शर्माले एक कार्यक्रमकाबीच उद्घाटन गरे ।

रोटरी क्लबका अध्यक्ष दिपक तुल्स्यान र रोट्र्याक्ट क्लबका अध्यक्ष सन्नी सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा रोटरी र रोट्र्याक्ट क्लबका सदस्यहरू, विद्यालय व्यावस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरूको उपस्थिति रहेको थियो । करिब १ लाख २५ हजार बराबरको लागतमा स्थापना गरिएको डिजिटल कक्षाबाट विद्यार्थीलाई अध्ययनका लागि सहज हुने र सिकाई उपलब्धि हुने दाता संस्था र विद्यालय परिवारले अपेक्षा गरेको रोट्र्याक्ट क्लबका पूर्व अध्यक्ष आयुष गुप्ताले बताए ।

# कलवार महासंघ मधेश प्रदेशको अध्यक्षमा जयसवाल



**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल कलवार कल्याण महासंघ मधेश प्रदेश समितिको अध्यक्षमा हरेकृष्ण प्रसाद जैसवाल निर्वाचित भएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरमा सम्पन्न महासंघको भेलाले जयसवालको अध्यक्षतामा ४५ सदस्यीय प्रदेश समिति गठन गरेको हो ।

जातीय हक हित र अधिकारको लागि नेपाल कलवार महासंघका संस्थापक अध्यक्ष रामचन्द्र शाहको प्रमुख आतिथ्यमा जनकपुरमा भएको प्रदेश स्तरीय भेलामा संविधानसभा सदस्य दिनेश प्रसाद साह, जनकपुर उपमहानगरपालिकाका उपमेयर किशोरी साह, महेन्द्र प्रसाद चौधरी, भोला गुप्ता, ईन्दु देवी साह, रघुनाथ प्रसाद साह, रामकिशोर चौधरीलगायत मधेश प्रदेशका विभिन्न जिल्लाहरुबाट सहभागिता रहेको थियो । नवगठित समितिको उपाध्यक्षमा जिवछ कुमार चौधरी, कोषाध्यक्षमा मेथुर प्रसाद चौधरी, सदस्यहरुमा इन्द्रदेव साह, सन्तोष कुमार कलवार, बिनोद प्रसाद साह, अरबिन्द जयसवाल रहेको संस्थापक अध्यक्ष रामचन्द्र साहले जानकारी दिए ।

# कुशवाहा कल्याण समाजको महाधिवेसन बारामा हुने




**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल कुशवाहा कल्याण समाजको सातौं महाधिवेसन यही चैत २३ र २४ को बाराको सिमरामा हुने भएको छ । समाजको हालै बसेको बैठकले सातौं महाधिवेसन यही चैत २३ र २४ गते बाराको सिमरामा हुने निर्णय गरेको संघका केन्द्रीय सचिव वीरेन्द्र कुमार मेहताले जानकारी दिए । आउँदो चैत्र २३ र २४ गते सिमरामा हुन गइरहेको देशभरका लाखौं कुशवाहाहरुको साझा संस्था ‘नेपाल कुशवाहा कल्याण समाज’को सातौं महाअधिवेसनमा अध्यक्षका लागि तीन जना दाबेदार देखिएका छन् । अध्यक्षको दाबेदारको रुपमा चर्चामा पर्सा घर भई हाल ललितपुरका राकेश मेहता (व्यवसायी), सुनसरी मोरङ्गका परमानन्द मेहता (सेवानिवृत शिक्षक) र महोत्तरी घर भई काठमाडौंका देवनारायण महतो (शिक्षक/विद्यालय संचालक) रहेका छन् ।

अध्यक्षका दावेदार तीनै जना समाजका निकै अनुभवित र योग्य व्यक्ति रहेको बताइएको छ । सचिव मेहताले तीनै जना दाबेदार अध्यक्षका लागि योग्य उमेदवार भएकाले एक आपसमा प्रतिस्पर्धा नगरी सर्वसहमतिले आपसी समझदारी अनुसार सम्पन्न गर्न तथा जिम्मेवारी बाँडफाँड गर्न आग्रह गरेका छन् । सुनसरी घर भई लामो समयदेखि काठमाडौ बसेर पत्रकारिता गर्दै आएका सचिव वीरेन्द्र कुमार मेहताले आफू आगामी महाधिवेशनमा महासचिवमा दाबेदारी रहेको ईच्छा व्यक्त गरेका छन् ।

*मस्तिष्क नै त्यो भूमि हो जसले स्वर्गलाई नर्क र नर्कलाई स्वर्ग बनाउन सक्दछ ।*
*–जोन मिल्टन*

## सम्पादकीय

# नेपाली भूमि फिर्ता लिने कूटनीतिक प्रयास

*सरकारले सार्वजनिक गरेको 'न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प' मा भारतले प्रयोग गरिरहेको लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिने प्रभावकारी कूटनीतिक प्रयास गरिने विषय उल्लेख भएको छ । सरकारमा सहभागी पाँच राजनीतिक दलले मंगलबार प्रधानमन्त्री कार्यालयमा सार्वजनिक गरेको 'न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प' मा यो विषय उठान गरेपछि भारतद्वारा प्रयुक्त भूमिबारे फेरि बहस सुरु हुने भएको छ । यो विषय पेचिलो विषय हो, राष्ट्रवादी बनेर चर्को बोल्नु मात्रै होइन, व्यवहारतः उतार्नु पर्ने विषय भएकाले भारतसँग गरिने कुटनीतिक अभ्यास परिपक्क बन्नुपर्ने विषय बहसमा सुरु हुने भएको छ । 'नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रियहितको रक्षालाई केन्द्रबिन्दुमा राख्नेछ,' सरकारको योजनामा भनिएको छ, 'संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्वशान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति अवलम्बन गर्नेछ ।'*

*विदेश सम्बन्ध सञ्चालनमा सार्वभौम समानता, पारस्परिकहित र सम्मानलाई केन्द्रबिन्दुमा राखी दुवै छिमेकीलगायत सबै मित्रराष्ट्रसँग सन्तुलित, विश्वसनीय र मैत्रीपूर्ण सम्बन्ध सञ्चालन गर्ने, नेपालको भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वाधीनता र स्वतन्त्रतालाई थप सुदृढ बनाउनेसमेत सत्तारुढ दलको योजना सार्वजनिक गरिएको छ । 'सीमाको प्रभावकारी व्यवस्थापन, नेपालको हित संरक्षण र प्रवर्द्धन हुनेगरी विद्यमान सन्धि–सम्झौताको पुनरावलोकन गर्नेछ,' सरकारको साझा योजनामा उल्लेख भएको विषयले नेपाली भूमि फिर्ता हुने आसा पनि जगाएको छ । आवश्यकताअनुसार नयाँ सन्धि–सम्झौता, द्विपक्षीय तथा बहुपक्षीय संस्थामा आबद्धता वृद्धि, राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवम् रणनीतिक पूर्वाधारलगायत राष्ट्रका आधारभूत विषयमा राष्ट्रिय सहमति निर्माणका लागि प्रयास, नागरिकता वितरण कार्य सहज बनाउने भनेर साझा योजनामा समेटिएको छ । यसले नागरिकमा नयाँ सञ्चार पनि गरेको छ ।*

*सरकारले गैरआवासीय नेपालीको सीप, पुँजी राष्ट्रहितमा प्रयोग गर्दै उनीहरुको जायज चासोमा सम्बोधन गर्ने धारणा पनि सार्वजनिक गरेर विदेशमा रहेका नेपालीलाई देशप्रति जिम्मेवार र दायित्वबोधसँगै लगानीमा आकर्षणको विषय पनि समेट्न प्रयास गरेको छ । साझा सङ्कल्पमा राष्ट्रिय जीवनका सबै आयाममा महिलाको न्यायोचित सहभागिता सुनिश्चितताबारे पनि उल्लेख गरिएको छ । सङ्कल्पमा भनिएको छ, 'लैङ्गिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवम् महिला सहभागिता र लैङ्गिक समानता सम्बन्धमा हालसम्म हासिल उपलब्धि अझ दिगो, परिणाममुखी र सार्थक तुल्याउने छ ।'*

*यसले आधा आकाश ढाकेका महिला जगतका लागि पनि सम्बोधनको प्रयास गर्न खोजेको देखिएको छ । सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालगायत महिलाका संविधानप्रदत्त हकको कार्यान्वयनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । सरकारको योजनामा भनिएको छ, 'बालबालिकामाथिको दुव्र्यवहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार, बधुवा श्रम, छुवाछुत, गुण्डागर्दी, लागुपदार्थ दुव्र्यसन, छाउपडी, दाइजो तथा तिलक प्रथाजस्ता सामाजिक विकृति र शोषण सारभूतरूपमा अन्त्य गरी सभ्य समाजको निर्माण गर्नुपर्छ ।' त्यस्तै बलात्कारसम्बन्धी मुद्दाको दुरत छिनोफानो गर्न अदालतमा तदनुरूपको व्यवस्था गर्ने र दलित, मुसहर, पिछडा वर्ग, वादी, लोपोन्मुख तथा सीमान्तकृत अल्पसंख्यक जातिलगायतको यौनिक र लैङ्गिक अल्पसंख्यकको अधिकार सुरक्षित गर्ने सरकारको योजना बनेको छ । साझा संकल्पले जनतामा तत्कालका लागि केही आसा जगाएको छ । यसको कार्यान्वयनमा सरकारको कुटनीतिक प्रयास भने हेर्न बाँकी नै छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# खुशीको परिभाषा र सीमा



सञ्जय साह मित्र

अलिकति खुशी हुन को पो नचाहला र ! यदि मानवको इतिहासलाई विचार गर्ने हो भने आजसम्मको मानवको संघर्ष नै यही खुशी हुनको लागि हो भन्ने कुरामा खासै मतभिन्नता नहोला। खुशी हुने कि सुखी हुने भन्ने चाहिँमा कहिलेकाहीँ मतभिन्नता हुन सक्छ। कतिपयले खुशी हुनु र सुखी हुनु एउटै हो पनि मानेका छन् भने कतिपयले खुशी हुनु र सुखी हुनु फरक कुराहरु हुन् पनि भनेका छन्। हरेक सुखी मानिस खुशी हुन सक्दैन तर हरेक खुशी मानिस सुखी हुन सक्छ। यसै गरी हरेक खुशी मानिस सुखी हुन सक्छ वा हरेक सुखी मानिस खुशी हुन सक्छ जस्ता विपरीत वा समान अर्थ दिने भावहरु समाजमा व्यापक मात्रामा तर्क र बहसका रुपमा छरिएर रहेका छन्।

खुशी कसलाई मान्ने वा कुन अवस्थालाई खुशी मान्ने ? के यो क्षणिक हुन्छ ? यस्ता प्रश्नहरु खुशीका अगाडि आइरहन्छन्। कतिपयले मानिस लामो समयसम्म बरु सुखी रहन सक्लान् तर खुशी त केही बेरका लागि हुने हो। जब सन्तुष्टिको मात्रामा वृद्धि हुन्छ तब मानिसमा खुशी आउँछ। कुनै परीक्षा उत्तीण गर्दा मानिस खुशी हुन्छन्, त्यत्ति बेला सुखी हुने होइन। खुशी जब लामो समयसम्म रहन्छ तब स्वाभाविक सुखी हुन पुग्छ मान्छ। यस अर्थमा मानिसले सन्तुष्टिलाई पनि खुशी नै मानेको पाइएको छ। मानिस जतिबेला सन्तुष्ट हुन्छ, त्यत्तिबेला उसको मनमा खुशीको संचार हुन्छ। खुशीको संचार भएपछि मानिसमा हाँसोको मात्रा बढ्दछ, मन हलुँगो हुन्छ । मनमा जब सन्तुष्टिको बढी संचार हुन्छ तब उसमा हाँसो उठ्दछ । यसबाट यो पनि बुझिन आउँछ कि हाँसो र खुशीमा निकटको नाता रहेको छ । हाँसो जेठो हो कि खुशी ? यसलाई धेरै जटिल मान्नु आवश्यक छैन। सन्तुष्टिसित खुशी जोडिएको छ र खुशीका मात्रा बढेपछि हाँसोको पर्रा फुट्दछ।

खुशीलाई जसरी पनि परिभाषित गर्न सकिन्छ । खुशी हार्दिक हुन्छ र हाँसो यान्त्रिक । हाँसोलाई सबैले देख्न सक्छन् तर खुशीलाई नदेख्न पनि सकिन्छ। हाँसोलाई धेरै तन्काउन सकिँदैन तर खुशीलाई भने मज्जाले तन्काउन सकिन्छ । खुशीको विस्तारको लागि मानिसको प्रयत्न भइरहन्छ। खुशीको विस्तार जब हुन्छ तब सन्तुष्टिको पनि विस्तार हुन्छ । खुशीको कुरो सुनेर मनले हाँसो उत्पन्न गर्दछ । सन्तुष्टि मस्तिष्कमा पनि लुकेको हुन सक्छ तर हाँसोलाई लुकाएर राख्न सकिन्न। हाँसोमा खुशी मिसिन सक्छ । यसैले हाँसो र खुशी वा खुशी र हाँसोलाई एकसाथ राखेर हेर्नै गरिएको पनि पाइन्छ । हुन त खुशीलाई त्यो सम्पत्ति मानिन्छ जहाँ दुःखको मात्रा हुँदैन। यदि दुःखको कुरो गर्ने हो भने त यसको विपरीत सुख हुन आउँछ। अर्थात् जहाँ सुख छ त्यहाँ सन्तुष्टि हुन्छ र त्यहाँ नै हाँसो हुन्छ अर्थात् त्यहाँ खुशी हुन्छ। यसरी एक अर्कासित गाँसिएका, जोडिएका, निकट मानिएका हाँसो, खुशी, सन्तुष्टिले मानिसको आयु बढाउँछ, भनिन्छ । मानिसको आयुमा वृद्धि भनेको केही गरी कतै कुनै पनि हालतमा किन्न नसकिने सम्पत्ति प्राप्त हुनु हो । यसैले मानिस जहिले पनि खुशी हुनको लागि लालायित रहन्छ। एउटा खुशी प्राप्त भएपछि अर्को खुशीको लागि प्रयास गरिरहन्छ। खुशीले उसलाई कहिल्यै पुग्दैन। अझ खुशी र अझ खुशी चाहिन्छ मानिसलाई । हो, यसरी पनि देखिएको छ ः खुशी आफूमात्र हुने हो कि आफू सँगसँगै अरु पनि खुशी हुँदा राम्रो मान्ने ? वा आफूलाई समस्या नै भए पनि केही फरक पर्दैन तर अरुलाई चाहिं मेरो कारणले कुनै दुःख प्राप्त नहोओस् भन्ने भावना राख्ने ? यसरी खुशीको परिभाषामा चाहिं धेरै कुरो सन्निहित रहेको हुन्छ।

अलिकति फरक किसिमले विचार ग¥यौँ भने खुशी र सुखीको भिन्नता थाहा हुन सजिलो हुन्छ। मानौँ कोही अस्पतालको बेडमा छन । अस्पतालको बेडमा रहेको मानिस धन, पद तथा अन्य साधनले सम्पन्न हुन सक्छ। अनि के ऊ सुखी मानिस होइन त ? उसो भए अस्पतालमा कोही पनि राम्रो मानिस पुग्दैन त ? बेडमा रहेको मानिस दुःखी नै हो ? दुःखी र बिरामी हुनु एउटै वा समान अर्थ दिने शब्द हुन् ? अस्पतालमा रहेको मानिसलाई हामी खुशी तुल्याउने प्रयास गर्न सक्छौँ। हँसाउन अलिकति प्रयास गर्न सक्छौँ। हो, अस्पतालमा रहेको मानिसमा हाँसो हुन्छ, खुशी हुन्छ। यदि हास्यव्यंग्य रचना पढ्छन् भने झन् खुशी हुनु स्वाभाविक हो । अनुहारमा अलिकति उज्यालो त जुनसुकै लामो कठिन समयको बेला पनि आउन सक्छ भनिन्छ। अनुहारमा उज्यालो क्षणिक हुन्छ। यसकारण कतिपयले यो मानेका छन् कि अस्पतालमा रहेको मानिस सुखी होइन । सम्पन्न हुन सक्ला तर सुखी होइन । अस्पतालमा दुःखी जाने हो र दुःखी मानिस पनि कुनै परिवेशको कारण एक छिनको लागि खुशी हुन सक्छ। सुखी र सम्पन्न मानिस पनि कुनै कारणले वा कुनै रोग लागेर दुःखी हुन सक्छ र दुःखी अवस्थामा भएको मानिस पनि कुनै कारणले एक छिन हाँस्न सक्छ वा खुशी हुन सक्छ।

खुशी हुने निश्चित कारण हुन्छ। खुशी हुने निश्चित कारण चाहिं तात्क्षणिक हुन्छ। र, पनि हामी कहिलेकाहीँ भन्ने गर्दछौँ – फलानो ठाउँका मानिस खुशी छन्। वास्तवमा त्यहाँका मानिस सुखी र सम्पन्न हुन सक्छ । कतैको मानिस पूर्णतया खुशी हुन सक्दैन। यसको अर्को उदाहरण पनि दिन सकिन्छ । मानिसले जहिले पनि परिवर्तन खोजेको हो। हरेक कुरामा परिवर्तन खोज्दा उसमा कुनै पनि कुरोको उपभोगबाट अझ बढी सन्तुष्टि दिने चाहिएको त हो। अझ बढी सन्तुष्टिको चाहना भन्नु चाहिँ खुशीको अवस्था त होइन अर्थात् अझ बढीको खुशीको चाहना होला तर पहिलेको खुशीमा पूर्ण सन्तुष्टि रहेको भए अझ खुशी किन चाहिन्थ्यो र ? खुशी रहेको अवस्थामा यदि कसैलाई थप खुशी प्राप्त हुन्छ भने पहिलेको खुशी कमजोर वा फिक्का लाग्न सक्छ । फिक्का खुशी वा खुइलिएको खुशीको मूल्य त कम हुन जान्छ।

'कोहु काहेमे मगन कोहु काहुमे मगन' भन्ने लोक कथनले खुशीको विशाल क्षेत्रलाई ओगटेको छ। कोही केमा मग्न अर्थात् खुशी हुन्छन् भने कोही केमा खुशी हुन्छन्। यसले खुशी नितान्त निजी हुने वा समूहको पनि सामूहिक हुने अर्थ लगाएको छ। कुनै समूह कुन पर्वमा त कोही समूह कुन पर्वमा रमाउने गर्दछ। कुनै व्यक्तिको लागि कुन खाना मन पर्छ त कसैलाई कुन ठाउँ मन पर्दछ। कोही कसलाई भेटेर खुशी हुन्छ त कोही कुन किताब पढ्न पाएर खुशी हुन्छ । खुशीको परिभाषा व्यक्ति, समूह, वर्ग तथा समुदायको लागि पृथक हुन सक्छ। खुशीको सीमा पनि फरक हुन सक्छ। फरक परिस्थितिमा फरक किसिमको खुशी पाउन सकिन्छ । एक नवयुवाको विवाह हुँदा अभिभावकले पाउने सन्तुष्टि तथा नवयुवाले पाउने सन्तुष्टिमा पृथकता हुन सक्छ । सबैभन्दा दुःखद क्षण मृत्युको हुन्छ तर मृत्यु पनि कतिपय अवस्थामा खुशीदायक हुन सक्छ भन्ने विश्वास छ। दृष्टान्तको रुपमा कुनै चलचित्र वा नाटकमा सामान्य दर्शक तथा पाठकका लागि आउने खलपात्रको मृत्युमा खुशी भएको पाइन्छ। यस खुशीसित वास्तविक जीवनको खासै सम्बन्ध हुँदैन तर यस किसिमको प्रवृत्ति भने नपाइने होइन।

अझ यो पनि भन्ने गरिन्छ – कतिपय मानिस आफ्नो दुःखले दुःखी होइन अर्काको सुखले दुःखी हुन्छ। यहाँ दुःख र खुशीलाई विशेष परिस्थिति पनि मान्न सकिन्छ तर अर्काको प्रगति देखेर मनमनै पीडामा हुने तथा कहीँ कतै कसैलाई पीडामा देखेर मनमनै खुशी हुने समाजका कतिपय मानिस हुन्छ। यस किसिमको विपरीत भावका मानिसको खुशीले दिने खुशीलाई खुशी मान्न सकिन्छ त सामान्य रुपमा । अनि खुशीको सीमा पनि वैयक्तिक परिवेशमा निर्भर रहने स्पष्ट हुन आउँदैन र। खुशीलाई पनि सापेक्षतामा विचार गर्नुपर्छ भनिएको त हो। खुशी सापेक्ष र निरपेक्ष हुन्छ। एकै परिवेशले कसैलाई खुशी र कसैलाई दुःखी तुल्याएको हुन सक्छ । एउटा बिरालोले मुसा समाउन पाउँदा बिरालोको मन खुशी नै हुन्छ तर त्यही बेला मुसाको मन कस्तो हुन जान्छ होला ? अनि, एक छिनको लागि मानौँ कि मुसाको दुःख बिरालोले बुझ्यो र मुसालाई छाडिदियो वा कुनै कारणले बिरालोबाट मुसा फुत्कियो। मुसा फुत्किएपछि जीवन नै बाँच्न पाइयो भनेर मुसो कति खुशी हुँदो हो ? अनि बिरालोलाई कति दुःख लाग्दो हो ? एकै परिवेशले मुसा र बिरालोलाई दिने अलग अनुभूतिमा खुशीको मात्राको बारेमा हामी साधारण मानिसले विचार पु¥याउन सकेको पाउँदैनौँ। बिरालोको पञ्जाको मुसो र मुसोलाई पञ्जामा समातेको बिरालोको प्रसंग हुबहु मानिसमा लागू नहुन पनि सक्छ। मानिसको खुशीको सीमा केही विस्तार हुन सक्छ। मानिस बौद्धिक प्राणी भएकोले मानिसले आफ्नो खुशीका साथमा अरुको पनि दुःखको विचार गर्न सक्छ। अरुलाई दुःखी नतुल्याई सम्भव भएसम्म आफू खुशी हुन सक्नुपर्छ भन्ने विचार मानिसले व्यवहारमा पनि उतार्न सक्छ। मानिसले मानिसलाई र मानिसले अन्य जीवजन्तुलाई पनि खुशी प्रदान गर्न तथा गरिरहन सक्छ। यो सम्भव छ।

मानिस खुशी छ कि छैन भन्ने कुरो औसतमा पत्ता लगाउन सकिन्छ। कुनै समाज के र कति खुशी छ भन्ने कुरो केही आधारहरु तय गरेर निष्कर्ष निकाल्न सकिन्छ। मानिसका खुशीका आधारहरु के के हुन् ? यिनीहरुबारे समाजशास्त्रीहरुबिच मिलेको मतको आधारमा विभिन्न आधारहरु तय गरी ती आधारहरुको आधारमा मानिसको खुशीलाई तथ्यमा देखाउन सकिन्छ । मानिसको खुशीलाई तथ्यमा देखाउँदा को मानिस कति खुशी छ भने व्यस्टिमा पहिले देखाउने र त्यसपछि समष्टिमा पनि देखाउनु पर्छ। हो, यसरी कुन पालिका कति खुशी छ र सबैभन्दा बढी कुन पालिका खुशी छ भन्ने तथ्य पत्ता लगाउन सकिन्छ। यसै गरी कुन जिल्ला सबैभन्दा बढी खुशी, कुन प्रदेश कति खुशी र औसतमा देश कति खुशी भन्ने पत्ता लगाउन सजिलो हुन्छ। अनि विभिन्न देशको खुशीको तथ्यांकलाई एक ठाउँमा विश्लेषण गर्ने हो भने विश्वको औसत खुशी पत्ता लगाउन सकिन्छ। खुशीको क्षेत्रीय अवस्था तथा दुई वा बढी देशबिच खुशीको तुलनात्मक अध्ययन पनि गर्न सकिन्छ। खुशीको यही तुलनात्मक अध्ययनले अझ बढी खुशी र भविष्यलाई अझ बढी खुशी कसरी हस्तान्तरण गर्ने भन्ने विषयमा विमर्श गर्न सकिन्छ।

मानिस खुशी रहनुपर्छ, मानिस सन्तुष्ट रहनुपर्छ । मानिसलाई खुशी बनाइराख्न समाजले तथा राज्यले पनि पहल र प्रयास गरिरहेको हुन्छ । मानिस आफैँले पनि आफ्नो खुशीको लागि निरन्तर पहल गरिरहेको पाइन्छ। खुशीको सहकार्य सामाजिक अन्तर्क्रियाले पनि भइरहन्छ । र, यसैले पनि अन्तर्राष्ट्रिय खुशी दिवको महत्व सबैको लागि र सधैँको लागि रहन्छ । सम्भव भएसम्म यस दिन हामीले बदलिँदो परिवेशमा आफ्नो खुशीको आधारबारे स्वमन्थन गर्नुपर्छ।

# प्रतिनिधिसभामा प्रधानमन्त्रीसँगको प्रश्नोत्तर

*प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसलगायतले उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेको राजीनामा, भ्रष्टाचार, सुन तस्करी, जग्गा हिनामिनालगायतका विषयमा सांसदहरुले उठाएका विषयमा जवाफ पेश गरेका छन् । नेपाली कांग्रेसले संसदमा गृहमन्त्री लामिछानेको राजीनामा माग गरिरहेकोमा अनुसन्धानबाट दोषी प्रमाणित भए कारबाही गरिने प्रतिवद्धता प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रधानमन्त्री दाहालले व्यक्त गरे । पोखराको सुर्यदर्शन सहकारीका पीडितले दिएको उजुरीको अनुसन्धान सकिसकेको अवस्थामा लामिछानेलाई उपप्रधानमन्त्री एवम् गृहमन्त्री नियुक्त गर्दा स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) नहुने पनि उनको भनाइ छ ।*



**सम्माननीय सभामुख महोदय,**
व्यवस्थापिका संसदप्रति कार्यपालिकाको जवाफदेहिताको विकास गर्न हामीले गरेको नयाँ अभ्यास प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका क्रममा सांसदहरुले उठाउनुभएका विषयहरुको जवाफ दिन म यहाँ उपस्थित भएको छु ।

**सम्माननीय सभामुख महोदय,**
एउटा विशेष राजनीतिक परिस्थितिमा नयाँ गठबन्धनको सरकार बनेपछि सम्मानित संसदमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको विषयमा प्रतिपक्षी दलका सांसदहरुले उठाउनुभएको विषय प्रष्ट पार्न जरुरी ठानेको छु । मेरो सरकारको पहिलो प्राथमिकता नैं सुशासन रहेको र सुशासन कायम गर्ने विषयमा कुनै पनि सम्झौता नहुने मैले यस सम्मानित सदनमा विश्वासको मत लिने क्रममा र अन्य सन्दर्भमा बारम्बार व्यक्त गर्दै आएको छु । सुशासनको सङ्कल्प लिएर मैले सरकारको नेतृत्व गरेदेखि नै ठूलाठूला भ्रष्टाचार, सुन तस्करी, जग्गा हिनामिनालगायतका काण्डहरुको छानवीन भइरहेका र यसलाई अझै प्रभावकारी बनाइँदैछ । मैले बारम्बार भनेको छु, यदि दोषी देखिए म समेत कारवाहीको दायरमा आउन तयार छु ।

जहाँसम्म उपप्रधानमन्त्री तथा गृह मन्त्री रवि लामिछानेका विषयमा प्रतिपक्षी दलहरुले कुरा उठाउनु भएको छ । त्यसमा हालसम्मको अनुसन्धानले उहाँ सहकारीको सञ्चालक समिति, लेखा समिति, ऋण समिति, कर्मचारीलगायत कुनै पनि जिम्मेवारी र भूमिकामा नरहेको र अदालतमा विचाराधीन मुद्दामा पनि उहाँ कहीँ कतै जोडिएको देखिएको छैन ।

सूर्यदर्शन बचत तथा सहकारी संस्थाका एक हजारभन्दा बढी बचतकर्ताले आफ्नो रकम हिनामिना गरेको भन्दै विसं २०८० साउन २२ गते गरेको जाहेरी दरखास्तमा कसैको नाम किटिएको थिएन । यो दरखास्तउपर प्रहरीले अनुसन्धान गरी बुझाएको प्रतिवेदनका आधारमा सहकारीको रकम हिनामिना गर्ने कार्यमा संलग्न भएको अभियोगमा १९ जनालाई प्रतिवादी कायम गरी कास्की जिल्ला अदालतमा २०८० असोज १८ गते मुद्दा दायर गरेको थियो । जुन अदालतमा अझै विचाराधीन नै छ । ती १९ जनामध्ये चार जना पक्राउ परेका छन् भने बाँकीको प्रहरीले खोजी गरिरहेको छ ।

मूल उजुरी परेको छ महिनापछि माघ १६ गते कास्की जिल्ला प्रहरी कार्यालयमा पूरक जाहेरी दिइएको थियो । जसमा उहाँ समेत १८ व्यक्ति तथा कम्पनीलाई विपक्षी बनाई जाहेरी दिइएको थियो । मूल उजुरीपछि थप प्रमाणहरु भेटिएमा पूरक जाहेरी दिई अनुसन्धान गर्न सकिने प्रावधान हुन्छ । तर उक्त जाहेरीमा उहाँ सहकारी हिनामिनामा संलग्न भएको कुनै पनि आधार प्रमाण पेश गरिएको छैन ।

एकपटक अनुसन्धान सकिएर अदालतमा मुद्दा दायर भइसकेको मुद्दामा यस्तो आधार प्रमाण बिनाको जाहेरी पुनः दर्ता गर्न आवश्यक नै हुँदैन । त्यसैले प्रहरीले कानुन बमोजिम नै उक्त जाहेरी छुट्टै दर्ता गर्न समेत उपयुक्त ठानेन । फेरि उहाँको नाममा प्रवाह भएको भनिएको ऋण फछर्यौट भएको देखिन आएकाले उहाँको हकमा अनुसन्धान गर्नुपर्ने नदेखिएको भन्ने प्रहरीबाट ‘ब्रिफिङ्’ भएको थियो । यो विषय उहाँ सरकारमा आउनु अघिको विषय हो । त्यतिबेलाको सरकारमा त अहिलेको प्रतिपक्षी दल कांग्रेस स्वयं सहभागी थियो ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री रबि लामिछानेजीको पार्टी सरकारमा सहभागी हुने चर्चा हुन थालेपछि सरकारमा सहभागी भएपछि यो विषयलाई संसदको नियमित काम कारवाही प्रभावित हुने गरी उठाउनु जायज छ वा छैन भन्ने विषय स्वयम् प्रतिपक्षी दलका सांसदहरुले बुझ्नुपर्ने हुन्छ । अनुसन्धान सकिसकेको विषयमा ‘कन्फ्लिक्ट अफ इन्ट्रेस्ट’ कसरी हुनसक्छ ? म फेरि पनि जोड दिएर भन्न चाहन्छु सुशासन कायम गर्ने सवालमा म कुनै पनि सम्झौता गर्दिनँ । यसमा आफ्नो पार्टी र अरुको पार्टी भन्ने आग्रह र पूर्वाग्रह मैले राख्दिनँ । यदि अनुसन्धानबाट केही पनि कैफियत देखिएमा उहाँलाई कारबाही गर्न कुनैपनि कुराले रोक्ने छैन ।

मुद्दा बुझाइसक्दासम्म उहाँको नाममा उजुरी, निवेदन केही छैन । उजुरी पर्ना साथ राजीनामा दिने हो भने के हुन्छ के हामी उजुरी दर्ता हुना साथ राजीनामा दिने सहमति गर्न सक्छौं ? हैन, गृहमन्त्रीबाट चाहिँ हटाउ, मुद्दा प्रभावित हुन्छ भन्न खोज्नु भएको हो भने प्रभावित पार्नेले अर्को मन्त्रालयमा बसे पनि फरक पार्ला । सरकारमा बसे मात्रै पनि पार्ला । त्यसैले यो विषयलाई राजनीतिकरण नगर्न अनुरोध गर्दै म अबसांसदहरुका नियमत प्रश्नोत्तरको जवाफ दिन चाहन्छु ।

**प्रश्नकर्ताः गोकुल बास्कोटा**
मध्यपहाडी क्षेत्रका जनताको ‘लाइफलाइन’का रुपमा विकास गर्ने उद्देश्यले सञ्चालनमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको उपयोगिता बढाउन यसको पुनः रेखांकन गरी गरी दूरी छोट्याउनका लागि सुरुङ र भौतिक ‘भायडक्ट’ प्रविधिको प्रयोग गरी आगामी पाँच वर्षभित्र सडकलाई ‘डेडिकेटड डवल लेन’मा स्तरोन्तति गर्ने सरकारको योजना सरकारको योजना छ की छैन ?

आज विश्वका कयौं देशहरुले ‘ब्रेन गेन’ गरिरहेका छन् । तर नेपाल भने ब्रेन ड्रेन गरिरहेको अवस्थामा छ । केवल अध्ययन कै लागि हजारौ नेपाली विद्यार्थीहरु विदेश गइरहेका छन् । यो अवस्थालाई अन्त्य गर्ने उद्देश्यसहित केपी शर्मा ओली सरकारकै समयमा नेपाली विद्यार्थीहरुलाई नेपालमै उच्च गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्यले काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकामा स्थापित मदन भण्डारी विश्व विद्यालयलाई १३ हजार सात सय रोपनी जग्गा उपलब्ध भइसकेको पनि वर्षौ वित्यो तर यसको निर्माण अझै सुरु हुन सकेन । यसको निर्माण गरिन्छ वा गरिदैन ? गरिन्छ भने यसै वर्षबाट हुन्छ वा हुँदैन ? स्पष्ट जवाफ चाहन्छु ।

काभ्रे, रामेछाप, सिन्धुपाल्चोक जिल्लाको ‘गेम चेन्जर’ परियोजना मानिएको सुनकोशी तेस्रो जलविद्युत आयोजनामा बङ्गालदेशसँगको सहकार्यमा अगाडि बढेको यहाँलाई अवगतै होला । सो परियोजनको अवस्था के छ र यसको निर्माणलाई तीव्रता दिने सरकारको योजना के कस्तो छ ?


काभ्रे जिल्लाको भुम्लु गाउँ पालिकाका वडा न ७ र ८ का जनताले नापीको समस्याको कारणले ५० वर्षदेखि आजसम्म जग्गाको पूर्जा पाइरहेका छैनन् । केपी शर्मा ओलीको सरकारको पालामा सोही ठाउँमा पुर्जा वितरण भूमि कार्यका लागि कार्यालय स्थापना गरी कामसमेत अगाडि बढेको थियो तर हाल उक्त कार्यालय किन हटाइएको हो र त्यहाका जनतालाई जग्गा धनि पुर्जा कहिलेसम्म दिइन्छ ?

**प्रधानमन्त्रीको जवाफः**
मध्यपहाडी लोकमार्ग, मदन भण्डारी विश्वविद्यालय, सुनकोशी तेस्रो जलविद्युत परियोजना र जनताले जग्गाधनी प्रमाणपत्र नपाएको विषयमा जिज्ञासा राख्नुभएको छ ।

पूर्वमा पाँचथरको चिवाभञ्ज्याङ्गदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म मध्यपहाडी भु–भागलाई यातायात सञ्जालमा जोडी आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यटकीय, कृषि, उर्जा, शैक्षिकलगायत समग्र क्षेत्रको विकास गर्ने मूल रणनीतिक उद्देश्यले मेरो पहिलो कार्यकालमा विसं २०६५ फागुन २६ गते मध्यपहाडी राजमार्ग निर्माणको रेखाङ्कन गरिएको थियो ।

मध्यपहाडी राजमार्गको कुल लम्बाई १८ सय ७९ किलोमिटरमध्ये हालसम्म १२ सय ५९ किलोमिटर सडक डेडिकेटेड डबल लेनमा स्तरोन्नति भइसकेको छ भने १ सय ३७ वटा पुलमध्ये ३३ वटा पुल निर्माण सम्पन्न भइसकेको छ । राजमार्गका कतिपय स्थानमा सुरुङ् तथा अग्ला पुलहरू निर्माण गरी राजमार्गलाई छोटो र सुरक्षित बनाउने विषय नेपाल सरकारको प्राथमिकतामा रहेको छ । निर्माण सम्पन्न भइसकेपछि आवश्यक र सम्भव भएका बाँकी स्थानमा डेडिकेटेड डबल लेनमा स्तरोन्नति गरिनेछ ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको दुईवटा भवन मकवानपुरको चित्लाङमा निर्माण भएको र




पाँचखाल नगरपालिकामा विश्वविद्यालय अनुदान आयोगको सिफारिस समेतका आधारमा मित्रराष्ट्र चीन सरकारको सहयोगमा संरचना निर्माणका लागि प्रक्रिया अघि बढाइसकिएको जानकारी गराउँदछु ।

सुनकोशी तेस्रो जलविद्युत आयोजना संयुक्तरूपमा कार्यान्वयनका लागि नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरण तथा बङ्गलादेशका तर्फबाट बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डलाई ‘लाइन एजेन्सी’ तोकिएको छ । दुई देशबीचको सचिवस्तरीय बैठकको निर्णयानुसार संयुक्त लगानीको कम्पनी स्थापना गर्ने प्रक्रिया अघि बढेको छ । आयोजनाको अध्ययन प्रतिवेदन, ‘डिजाइन’ तथा ‘ड्रइङ’सम्बन्धी कागजातहरू बङ्गलादेश पक्षलाई उपलब्ध गराइएको छ ।

काभ्रे जिल्लाको भुम्लु गाउँपालिकाको बडा नं. ७ र ८ का जनताले नापीको समस्याका कारणले ५० वर्षदेखि जग्गाधनी प्रमाणपत्र पाउन नसकेको विषयमा म जानकार छु । त्यस क्षेत्रमा २०३२÷३३ सालतिर नापी हुँदा फिल्डबुकमा ९० प्रतिशतसम्म दर्ता भैसक्दा पनि सिमाना विवादलगायतका कारणले स्थानीयबाट विरोध हुँदा प्रमाणपत्र दिने काम हुन सकेको थिएन ।

पछिल्लो समयमा यातायात पूर्वाधार निर्माण, अनौपचारिक रूपमा जग्गाको स्वामित्व हस्तान्तरणलगायतका कारणले साविकमा नापजाँच हुँदा र अहिलेको अवस्थामा फरक हुन आएको कारण दर्तामा समस्या देखिएको छ । तयार भएका जग्गाधनी प्रमाणपत्र वितरण गर्न तथा बाँकी काम शीघ्र सम्पन्न गर्न निर्देशन दिइसकेको सदनलाई जानकारी गराउन चाहन्छु ।

**प्रश्नकर्ताः चन्द्रबहादुर विश्वकर्मा**
विसं २०७४ देखि २०७८ सालमा सम्पन्न हुनेगरी सम्झौता भएको राप्तीराजमार्ग अन्तर्गत रुकुमपश्चिमखण्ड अन्तर्गत पितिवाङ्ग खोलाको सडक पुल, २०७७, सालमा सम्पन्न हुनेगरी जाजरकोट नलगाड नगरपालिका १० रम्दा र रुकुम पश्चिम आठविसकोट नगरपालिका–३ खदी जोड्ने सडक पुल २०६९ देखि २०७२ सालमा सम्पन्न हुनेगरी सम्झौता भएको मध्यपहाडी लोकमार्ग अन्तर्गत जाजरकोट र रुकुमपश्चिम जोड्ने भेरीनदीको सडक पुल नबन्दा जनताले दुख त पाइरहेकै छन् । आशैआशाको छटपटी त छ नै उल्टै ठेकादारहरुले मजदुरको ज्याला, होटेलको र दोकानको रासनको रकम समेत नदिई बेपत्ता समेत भई जनतालाई थप पीडा थपिएको अवस्था छ ।

यी निर्माण कार्यहरु समयमा सम्पन्न नभई अलपत्र हुनुमा के कति कारण हो ? यसमा सरकार किन मौन रहेको छ ? स्पष्ट जानकारीसहित निर्माण छिटो सम्पन्नका लागि माग गर्दछु । साथै रुकुम पश्चिमको चौरजहारीमा हवाई उडान २०७५ देखि किन बन्द भएको हो र कहिलेदेखि सञ्चालन हुन्छ ?

उपेक्षित उत्पीडित दलित वर्ग उत्थान विकास समिति, वादी विकास समिति र पिछडा वर्ग उत्थान विकास समिति २०७५ सालदेखि सरकारले किन कोमामा राखेको छ ? यी विकास समितिले नेतृत्व गर्ने समुदायको विकास अन्य समुदाय सरह विकास नभएकाले अब यी संस्थाहरु आवश्यकता नभएको ठहर गरी कोमामा राखेको हो ? वा लोकतन्त्रले जन्माएका संस्थाहरुलाई गणतन्त्रले उखेल्नुपर्ने बाध्यता हो । स्पष्ट जानकारीको लागि अनुरोध गर्दछु ।

**प्रधानमन्त्रीको जवाफ**
जाजरकोट र रुकुमपश्चिम जोड्ने भेरी नदी पुल वि सं २०६९ मा सम्झौता भई निर्माण सुरु भएकोमा विभिन्न कारणवस निर्माण व्यवसायीले कार्य अधुरो छाडेकाले यही आर्थिक वर्षमा ठेक्का अन्त्य गरी नयाँ ठेक्का आह्वान गरिएको तर कुनै पनि निर्माण व्यवसायीको प्राविधिक प्रस्ताव स्वीकृत नभएकाले ठेक्का कार्य अगाडि बढाउन नसकिएको हो । यसमा यही चैत्र महिनाभित्र अर्को ठेक्काको सूचना प्रकाशित गर्ने गरी तयारी भइरहेको छ । पितिबाङ खोला पुल समयमा नै निर्माण नगरिएपछि ठेक्का तोड्न सूचना जारी गरिएकोमा सम्बन्धित निर्माण व्यवसायी सम्पर्कमा आएको र काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको व्यहोरा जानकारी गराउँछु । रूकुम पश्चिमको चौरजहारी विमानस्थल सञ्चालन गर्न आवश्यक प्रबन्ध गरी सञ्चालन गर्ने व्यवस्था मिलाउन सरकार प्रयत्नशील छ ।

यहाँले उल्लेख्य गर्नुभएका उपेक्षित, उत्पिडित, दलित वर्ग उत्थान विकास समिति, वादी विकास समिति र पिछडा वर्ग उत्थान विकास समितिका समस्याबारे सरकार जानकार छ । सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिकरुपमा ऐतिहासिक विभेदमा परेका दलितलगायतका समुदायको संविधानप्रदत्त अधिकारको रक्षा गर्ने विषयलाई अत्यन्तै गम्भीरताका साथ लिएको छ । दलित क्षेत्रमा क्रियाशील नागरिक संघसंस्था, नागरिक अगुवा तथा राष्ट्रिय दलित आयोग लगायतका निकायसँगको परामर्शमा दलित विकास प्राधिकरण स्थापना गर्न सरकारले पहल गर्ने विषयमा यसअघि नै सम्मानित सदनलाई जानकारी गराएको स्मरण गराउन चाहन्छु ।

**प्रश्नकर्ताः गङ्गाप्रसाद यादव**
राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको बजेट कटौतीका कारण तराई मधेस मरुभूमिमा परिणत भइरहेको छ । तराई मधेसलाई मरुभूमिकरणबाट जोगाउन आगामी योजना के छ ? तराई मधेस समृद्धि कार्यक्रम तथा सघन सहरी कार्यक्रममा रकम घटाइएको छ । हुलाकी सडकलगायत तराई मधेस विकासका आयोजनामा बजेट कटौती गरी तराई मधेसको विकासमा सरकार किन उदासीन देखिएको छ ?

प्रधानमन्त्रीज्यू मधेसको मूल समस्या दहेज, विभेद, कुशासन र विकास निर्माणमा राज्यबाट हुँदै आएको असमानता, शिक्षा, स्वास्थ्यमा व्यापारीकरण विभिन्न क्षेत्रमा रहेको सिन्डिकेटलाई हटाउन तेस्रो पटक प्रधानमन्त्री भइरहँदा भूमँान्छेको मुक्तिका लागि लामो सङ्घर्ष गर्नुभएको तपाईंबाट दुईपटक प्रधानमन्त्री हुँदा केही परिवर्तन हुन नसकेको अवस्थामा अब परिवर्तनको आशा गर्ने तपाईंसँग के कस्ता नीति र कार्यक्रम छन् जनताले बुझ्ने भाषामा बताइदिनुहुन्छ कि ?

**प्रधानमन्त्रीको जवाफ**
चुरे–तराई–मधेसको संरक्षण तथा व्यवस्थापन एवं मरूभूमिकरण नियन्त्रणका लागि २०७१ सालमा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति गठन गरी राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन भइरहको अवगत नै छ । यस कार्यक्रमलाई अझै प्रभावकारी बनाउन चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना परिमार्जन भई स्वीकृतिको प्रक्रियामा छ । आवश्यकता र प्राथमिकताको आधारमा तीनै तहका सरकारका चालु आर्थिक वर्षको बजेट नघट्ने गरी सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको छ ।

यसका साथै चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनमा जलवायु वित्त परिचालन गरी सञ्चालन भईरहेको चुरे उत्थानशीलता आयोजनालाई अझै सशक्त बनाइनेछ । चुरे क्षेत्रमा एक करोड बाँस रोपणका लागि अन्तर्राष्ट्रिय विकास साझेदारसँग समन्वय गरी विस्तृत प्रस्ताव तयारीको चरणमा छ । चुरे तराई मधेस क्षेत्रको संरक्षणमार्फत् तराई मधेसको मरूभूमिकरण हुनबाट बचाउन चुरेको माथिल्लो तटीय क्षेत्रमा संरक्षण गतिविधिलाई प्राथमिकता दिनेगरी कार्य भइरहेको छ । चुरे क्षेत्रबाट गिट्टी बालुवाको उत्खननलाई व्यवस्थित गर्न एवं चुरे संरक्षणका लागि एकीकृत ऐन तर्जुमा गर्न मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्रदान भइसकेको छ ।

काठमाडौँ–तराई–मधेस द्रुतमार्ग प्रमुख प्राथमिकताका साथ निर्माण भैरहेको यहाँहरुलाई अवगत नै छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत तराई मधेसको विकासका लागि नेपाल–भारत सीमा वारपार रेल, पूर्व पश्चिम राजमार्गदेखि सीमा सहरहरूसम्म ६ लेन सडक निर्माण, पूर्व पश्चिम र उत्तर दक्षिण तथा हुलाकी राजमार्गलगायतका विकास आयोजना सञ्चालन भइरहेका छन् । हुलाकी राजमार्गको निर्माणमा स्रोत साधनको अभाव हुन नदिई यस राजमार्गको बाँकी पुल तथा सडक खण्डको निर्माण सम्पन्न गर्न सरकार प्रतिबद्ध छ ।

मधेसका जनताले भोग्नुपरेका समस्याबारे सरकार गम्भीर छ । सरकारले मधेसका जनतालाई सामाजिक न्यायको प्रत्याभूति दिन मिटरब्याजलगायतका सामन्ती शोषणका कैयन जालोहरु भत्काउँदै गएको यहाँलाई अवगत नै छ । दहेज, सामाजिक विभेदलगायतका कैयन शोषणका स्वरुपहरु अन्त्य गरी मधेसी जनतालाई न्याय दिन, शिक्षा र स्वास्थ्यमा पहुँच कायम गर्न तथा रोजगारी र जीविकोपार्जन सुनिश्चित गर्न सरकार प्रतिवद्ध छ । आगामी आवको नीति तथा कार्यक्रम रबजेटमा यी विषयहरुलाई प्राथमिकताका साथ सम्बोधन गरिनेछ ।

**प्रश्नकर्ताः डा चन्दा कार्की भण्डारी**
मैले यो प्रश्न सवाल जवाफ गर्नको लागि मात्रै गरेको हैन, सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण भएपछि यो जनमूखि कामले पक्कैपनि गति लिन्छ भनेर यो प्रश्न राखेको हुँ ।

संविधानको धारा ३५ ले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हक अन्तर्गत राखेको छ र प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भनेको छ । यो मौलिक हकको प्रत्याभूति आम नागरिकलाई गराउने उपयुक्त माध्यम स्वास्थ्य बीमा कार्यक्रम नै हो भन्ने कुरामा दुईमत छैन । वर्तमान संविधानको धारा ५१(ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने भन्ने प्रष्ट उल्लेख छ । सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको साढ़े सात वर्ष भइसकेको छ । तर पनि हाम्रो स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । देशभरमा ४३ दशमलव १४ प्रतिशतमा मात्रै बीमाको पहुँच पुगेको छ भने मधेस प्रदेशमा आठ दशमलव ६१ प्रतिशत नागरिकले मात्रै बीमाको सेवा पाएको तथ्याङ्क छ । कर्णाली र सुदुरपश्चिममा पनि बीमाको पहुँच ज्यादै कम देखिन्छ । यसको कार्यान्वयनमा भएको यस्तो कमजोरीको कारण के होला ?

बीमितहरूका लागि गुणस्तरीय स्वास्थ्य सेवा, तोकिएका औषधिको उपलब्धता र उपचार प्रक्रिया सरल नभएर हो कि ? स्वास्थ्य संस्था पहुँचमा नहुँदा योगदान प्रिमियम बुझाउनुको औचित्य नभएको भएर हो कि ? अस्पतालहरूलाई बीमितको औषधि उपचार खर्चबापतको भुक्तानी बीमा बोर्डले समयमा नदिएर हो ? निजीक्षेत्रको अस्पताल र मेडिकल कलेजहरुलाई संलग्न नगराएर हो कि ? स्वास्थ्य बीमा बोर्डमा आवश्यक दक्ष जनशक्ति नभएर हो कि ? वा स्थानीय तहमा विमा ज्ञान् सम्बन्धी अन्तरक्रिया गर्न नसकेर हो कि ?

अब सरकारले जनतामा कसरी स्वास्थ्य बीमाको पहुँच बढ़ाउने हो र बीमाका आधारमा सन् २०३० सम्ममा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न लिएको लक्ष्य कसरी पूरा गर्ने हो ?

**प्रधानमन्त्रीको जवाफ**
स्वास्थ्य वीमालाई प्रभावकारी बनाउने विषयमा सान्दर्भिक जिज्ञासा राख्नुभएको छ । नागरिकहरूको स्वास्थ्य उपचारका क्रममा हुने वित्तीय जोखिम कम गर्न स्वास्थ्य बीमा बोर्डमार्फत् सामाजिक स्वास्थ्य वीमा कार्यक्रम संचालनमा रहेको छ । हालसम्म ३३ दशमलव २ प्रतिशत घर परिवार तथा २४ दशमलव ७ प्रतिशत जनसंख्या स्वास्थ्य वीमाको दायरामा आएका र ७५१ पालिकासम्म स्वास्थ्य वीमाको पहुँच पुगेको छ ।

तोकिएका औषधिको उपलब्धता र उपचार प्रक्रिया सरल बनाउन २०८१ वैशाख १ देखि लागु हुनेगरी छुट्टै रिफिल काउन्टरको व्यवस्था गरी औषधि वितरण गर्ने तथा ज्येष्ठ नागरिकलाई सबै सेवा प्रदायक अस्पतालहरुबाट प्रत्येक मंगलबार जेरियाट्रिक क्लिनिक मार्फत सेवा दिने व्यवस्था गरिएको छ । यसैगरी, आधारभूत अस्पतालहरुबाट वीमा सेवा सुरु गर्ने र निजी तथा सामुदायिक अस्पतालहरुलाई समेत सुचिकृत गरी सेवा विस्तार गर्ने तयारी

बाँकी पृष्ठ ६ मा

# प्रतिनिधिसभामा प्रधानमन्त्रीसँगको प्रश्नोत्तर...

गरिँदैछ ।

बिमितको औषधिउपचार खर्च बापतको भुक्तानी अस्पतालहरूलाई समयमै शोधभर्ना गर्न थप जनशक्तिको व्यवस्था गरी हरेक दुई महिनामा शोधभर्ना हुने व्यवस्था गरिएको छ । स्वास्थ्य वीमा बोर्डको स्थायी संगठन संरचना स्वीकृतिको प्रक्रियामा रहेको छ । दक्ष जनशक्ति व्यवस्थापनका लागि १ सय ५५ जना जनशक्ति पदपूर्तिको प्रक्रिया अगाडि बढाइएको छ ।

स्वास्थ्य बीमा कार्यक्रममा देखिएका समस्या समाधान गर्नका लागि अनलाइन सदस्यता तथा नवीकरणसँगै बीमा सक्रिय हुने व्यवस्थासहित स्वास्थ्य वीमा नियमावली संशोधनको प्रक्रियामा रहेको छ । यसैगरी २५ जिल्लामा २०७४ सालमा वितरण भएका गरिब परिचय पत्रको म्याद थप गर्ने र बाँकी जिल्लामा पनि यसलाई विस्तार गर्दै सरकारले अति गरिब नागरिकको प्रिमियमको व्यवस्था गरि वीमा गर्ने बिषयमा गृहकार्य भइरहेको छ । त्यसैगरी नागरिकता, जग्गा पास लगायतका सामाजिक सेवाको क्रममा स्वास्थ्य वीमा परिचय पत्र अनिबार्य गर्ने, बैदेशिक रोजगारीमा जानेहरुको परिवारको अनिबार्य वीमा, आम्दानी अनुसारको प्रिमियमको आधारमा सबै कर्मचारी, शिक्षक, जनप्रतिनिधिहरुको अनिबार्य वीमा गर्ने लगायत सबै प्रकारका स्वास्थ्य सुरक्षाका कार्यक्रमहरुलाई स्वास्थ्य वीमा मार्फत एकीकृत गर्ने र स्वास्थ्य वीमा कार्यक्रमलाई राष्ट्रिय गौरवको अभियानको रुपमा घोषणा गर्ने लगायतका विषयमा सरकारले गृहकार्य गरिरहेको छ ।

**प्रश्नकर्ताः मा. डा चन्द्रकान्त भण्डारी**

देशमा आमूल परिवर्तन गरी नयाँ नेपाल बनाउने नाराका साथ वि.स. २०५१ सालदेखि दश वर्षसम्म तपाईंको नेतृत्वमा नेपालमा भएको शसस्त्र द्वन्द्वमा जनधनको ठूलो क्षति भयो । शान्ति प्रकृयासँगै नयाँ संविधान निर्माण भयो । जनताले तपाईंबाट ठूलो आशा पनि राखेका थिए । तर आज अझ बढी गरिबी, अराजकता, कुशासन बढिरहेको छ । तपाईँको अनुभवमा यसको समाधानको उपाय के हो ? देशमा देखा परेका यस्ता तमाम समस्याहरु समाधान गर्न तपाईंको के योजना छ ?

नेपालमा वर्षमा झण्डै पचास–साठी हजार व्यक्तिहरु जलनबाट पीडित हुने गरेका छन् । जलनको उपचार अत्यन्त खर्चिलो र पीडादायी हुन्छ । नेपालमा यसको उपचारको लागि आधुनिक अस्पतालको अभाव रहेको छ । गरिबीका कारण विदेशमा उपचार गराउन नसक्रे कैयौँ व्यक्तिहरुले मृत्युवरण गर्नु परिरहेको छ । जलनको उपचारको लागि अस्पताल निर्माण गर्न नेपाल स्वास्थ्य सरकारले २०७९ फागुनमा निर्णय पनि गरेको थियो तर हालसम्म कार्यान्वय हुन सकेको छैन । यो निर्णयलाई कार्यान्वयन गर्न जलन अस्पताल निर्माणका लागि शिलान्यासको काम कहिले हुन्छ ? जानकारी दिनु हुन्छ कि ?

**प्रधानमन्त्रीको जवाफ**

माननीयज्यूले अत्यन्तै महत्वपूर्ण प्रश्न गर्नुभएको छ । मैले यस सम्मानित सदनसमक्ष विश्वासको मत लिने क्रममा समेत यसबारेमा आफ्ना धारणा राखिसकेको छु । मेरो नेतृत्वको सरकारको मुख्य कार्यभार र प्राथमिकता नै सामाजिक न्यायको प्रत्याभूति गर्दै सुशासन कायम गर्ने, समृद्ध नेपालको निर्माण गर्ने र संविधानले परिकल्पना गरेअनुरुप समाजवादउन्मुख व्यवस्था निर्माणको आधार तयार पार्ने हो । हालसम्म प्राप्त उपलब्धिहरुको रक्षा गरेर मात्र संविधानले परिकल्पना गरे अनुरुप लक्ष्य पूरा गर्न सकिन्छ भन्ने मेरो धारणा छ । तर, अहिलेकै परम्परागत कार्यशैली, परम्परागत सोँच, चिन्तन र प्रणालीबाट सोचअनुरुप लक्ष्य हासिल हुन नसक्नेमा म पुनः जोड दिन चाहन्छु । यही मुख्य राजनीतिक तथा वैचारिक आधारमा सरकारको नेतृत्व लिएदेखि नै सुशासन कायम गर्न सरकार हरदम् प्रयासरत् छ । इतिहासमा नै ठूला ठूला भ्रष्टाचारका काण्डहरु अनुसन्धान भएका छन् । सुशासनको नयाँ र ऐतिहासिक मानकहरु स्थापित भएका छन् । यसैगरी गरिबीको अन्त्य गर्न, सामाजिक निराशालाई चिर्ने आर्थिक प्रणाली तथा जनतालाई प्रत्यक्ष प्रत्याभूति हुने किसिमले सामाजिक सुरक्षा, रोजगारलगायतका कतिपय कार्यहरु अघि बढेका यहाँहरुलाई अवगत नै छ । सरकारले यसलाई अझै प्रभावकारी ढङ्गले अगाडि बढाउनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

जलन उपचार अस्पतालको सम्बन्धमा सान्दर्भिक जिज्ञासा राख्नुभएको छ । कीर्तिपुरको बर्न अस्पताललाई जलनको प्रमुख अस्पतालका रूपमा बिस्तार गर्न सरकारबाट अनुदान दिने प्रक्रिया अघि बढेको छ । बर्न अस्पताल विस्तार गर्ने मन्त्रिपरिषदको निर्णय कार्यान्वयन सम्बन्धमा कीर्तिपुरको बर्न अस्पतालका अतिरिक्त वीर अस्पताल, शिक्षण अस्पताल र पाटन अस्पतालमा जलन युनिट स्थापना गरी सेवा विस्तार गरिँदैछ । प्रदेशमा रहेका केन्द्रीय अस्पतालहरूमा समेत जलन युनिट स्थापना गरी मध्यम प्रकारका जलनको त्यहीँ उपचार गर्ने र कडा किसिमका लागि रेफर गर्ने व्यवस्था मिलाइनेछ । स्वास्थ्यकर्मीहरूलाई जलनको प्राथमिक उपचारको तालिमको व्यवस्था सुरू गरी प्राथमिक उपचार र सम्बन्धित ठाउँमा समयमै प्रेषण गर्ने व्यवस्था मिलाउने र समन्वय गर्ने काम पनि भइरहेको म यस सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु ।

**प्रश्नकर्ताः चन्दा चौधरी**

सन् २०१६ मा चिनियाँ एक्जिम बैंकसँग रु २२ अर्ब ऋण लिएर बनाइएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अहिले ऋण रु २८ अर्ब पुगिसकेको छ र अबको १३ वर्षमा चिनियाँ बैंकलाई सबै सावा ब्याज तिर्न भनी शर्त राखिएको छ । उक्त विमानस्थल बनाउन मात्र हाम्रो आन्तरिक स्रोत जग्गा अधिग्रहणका लागि रु ९ अर्ब भन्दा बढी खर्च भएको छ । यसरी ऋणसहित लगभग रु ३२ अर्बमा बनेको अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको १४ महिनासम्म पनि कुनै अन्तर्राष्ट्रिय व्यवसायिक उडान नहुनु हाम्रो लागि कतै यो संरचना ऋणपासो त बनिरहेको छैन ? उक्त विमानस्थल सम्माननीय प्रधानमन्त्रीज्यूले नै आजभन्दा १४ महिना अघि उद्घाटन गर्नुभएको थियो र चिनियाँ राजदूतले उक्त कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उहाँहरूको 'बेल्ट एण्ड रोड'को उपहार हो भनेर सार्वजनिक रुपमा भन्नु भएको थियो । एक वर्ष बित्दा चिनियाँ बैंकलाई नै तिर्नुपर्ने सावाँ ब्याज बढेर हामीले धान्न नसक्रे परियोजनालाई चीनले नै आफ्नो उपहार भनेर भन्ने भनेको हामीले ऋण गरेर हामी अर्थतन्त्रले धान्नै नसक्रे परियोजनाहरु सञ्चालन गर्नुपर्ने हो (प्रधानमन्त्रीज्यू एक वर्ष मा चार ओटा चार्टर्ड फ्लाइट र त्यहीबाट फर्किदा एउटा व्यवसायिक उडान भरेर पोखरा अन्तर्राष्ट्रिय विमानस्थले उक्त रु ३० अर्बभन्दा बढी अबको १३ वर्षमा कसरी तिर्न सक्छ उक्त विभानस्थलले सो ऋण आफै तिर्न सक्ने गरी सक्षम बनाउनका लागि तपाईंले के योजना बनाउनुभएको छ ?

**प्रधानमन्त्रीको जवाफ**

पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन तथा व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको आधार तयार गर्न समिति गठन भई कार्य भइरहेको छ । समितिको प्रतिवेदनका आधारमा विमानस्थल सञ्चालन तथा अन्तर्राष्ट्रिय उडानका बारेमा आवश्यक व्यवस्था मिलाइनेछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि लिइएको ऋणलाई अनुदानका रुपमा रुपान्तरण गर्न कूटनीतिक पहल गरिएको छ । यससँग जोडिएका वित्तीय व्यवस्थापनका विषयमा आवश्यक समन्वय गरिनेछ । पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएसँगै यस विमानस्थलबाट देशका विभिन्न क्षेत्रीय विमानस्थल र अन्य विमानस्थलमा समेत हवाई सेवा सञ्चालन गरी आन्तरिक पर्यटनको विकास गर्ने कार्य सरकारको प्राथमिकतामा छ ।

**प्रश्नकर्ताः छिरिङ डुम्डुल लामा भोटे**

नेपालको ७७औँ जिल्लामध्ये आजसम्म पनि राष्ट्रिय सडक र राष्ट्रिय प्रसारण लाइन सम्माननीय प्रधानमन्त्रीज्यूको पालामा जोड्न सक्छ सक्दैन सकिन्छ भने हुम्ली जनताले आशामा बस्दा हुन्छ ?

कर्णाली करिडोर मृत्युमार्गबाट जीवनमार्गमा रुपान्तरण उत्तर–दक्षिण जोड्ने हजुरकै पालामा के–के गर्ने भनेर सोच्नु भएको छ ?

कर्णाली करिडोरअन्तर्गत खुलालु–सल्ली सल्ला खण्डको रु चार अर्ब ५३ करोड पहिलेको भौतिक मन्त्री र राष्ट्रिय योजना आयोगबाट अर्थ मन्त्रालयमा गएको तर पूर्वअर्थमन्त्रीज्यूले रोकेको यो बहुवर्षीय ठेक्का सम्माननीय प्रधानमन्त्रीज्यू न अहिलेको अर्थमन्त्री, अर्थ सचिवज्यूले सहमत दिनुहुन्छ ? यदि बहुवर्षीय ठेक्काको सहमति दिन्छ भने कहिले र कति दिनमा काम टुङ्गिन्छ ?

अन्त्यमा हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटमा राष्ट्रिय सडक र राष्ट्रिय प्रसारण लाइन कहिले पुग्छ ? हुम्ली जनतालाई निशुल्क स्वास्थ्य शिक्षा र समग्र सहुलियता तपाइको पालामा के कति पहल गर्नुभएको छ ?

अबको बजेटमा हुम्लाले समान वितरण गर्न पाउने छ भन्ने आशा गर्न सक्छु ?

**प्रधानमन्त्रीको जवाफ**

हुम्ला जिल्लाको सदरमुकाम सिमकोटलाई चालु आर्थिक वर्षभित्रै राष्ट्रिय सडक सञ्जालसँग जोड्ने गरी नेपाली सेना र सडक विभाग अन्तर्गत काम भैरहेको छ । कर्णाली करिडोर र कर्णाली राजमार्ग समेतको सडकको अवस्था सुधार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । कर्णाली करिडोरतर्फ सिमकोटमा र पिलिचौरमा दुईवटा योजना कार्यालय स्थापना गरी काम भइरहेको छ । कर्णाली राजमार्गतर्फ सडक डिभिजन, सुर्खेत र जुम्लाबाट काम भइरहेको छ । खुलालु–सलिसल्ला खण्डको सुधारका लागि बहुवर्षीय योजना ठेक्का गरिने र आगामी आर्थिक वर्षको बजेटमा समेत कर्णाली करिडोरलाई प्राथमिकतामा राखिनेछ ।

कर्णाली प्रदेशका डोल्पा, जुम्ला, मुगु, तथा हुम्ला जिल्लामा विद्युतीकरण विस्तारका लागि गत आर्थिक वर्षमा नै ठेक्का व्यवस्था भएको र 'डिजाइन ड्रइङ' स्वीकृति भइसकेको छ । जुम्ला सदरमुकामसम्म ३३ केभी प्रसारणलाइन बिस्तार भएको र जुम्लाबाट मुगु सदरमुकाम तथा मुगु सदरमुकामबाट हुम्ला जिल्ला सदरमुकाम तथा अन्य स्थानमा समेत विद्युतीकरण गर्न ठेक्का सम्झौता गरिएको छ । निर्माण व्यवसायीबाट आगामी दुई वर्षभित्रमा ३३ केभी क्षमताको प्रशारण लाइन निर्माण सम्पन्न गरी विद्युतीकरण विस्तार गर्ने योजना रहेको व्यहोरा म यस सदन समक्ष जानकारी गराउँछु । हुम्लालगायत पूर्वाधारका दृष्टिले पछाडि परेका कर्णालीका जिल्लाहरुको समग्र पूर्वाधार तथा सामाजिक विकासको विषय सरकारको उच्च प्राथमिकतामा रहेको छ ।

**प्रश्नकर्ताः जनार्दन शर्मा**

सङ्घीयतालाई प्रभावकारी बनाउन आवश्यक कानुन निर्माणमा ढिलाई भइरहेको अवस्था एकातिर छ भने अर्कोतिर सरकारले निर्णय गरी तत्काल कार्यान्वयन गर्नसक्ने कुराहरु पनि कार्यान्वयन हुन नसक्नुको कारण के हो ?

जस्तै, प्रदेश प्रहरी समायोजनको काम बारे आलटाल गर्नुको कारण के हो ? जाजरकोट, बझाङ र डोटीमा गएको भूकम्पले गरेको क्षतिको पुनर्निमाणका कामहरु कुन मितिबाट प्रारम्भ गर्ने योजना छ ? प्रष्ट पारिदिनु भए आभारी हुने थिए ।

**प्रधानमन्त्रीको जवाफ**

सङ्घीयता कार्यान्वयन गर्न आवश्यक ऐन निर्माणका लागि राष्ट्रियसभाको विधायन समिति र सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले दिएको सुझाव कार्यान्वयन गर्ने विषय सरकारको उच्च प्राथमिकतामा छ । यसअनुरुप निजामती कर्मचारीसँग सम्बन्धित ऐनलगायत कतिपय ऐनहरु मस्यौदा तयार भई सम्मानित सदनमा प्रवेश भइसकेका छन् र कतिपय मस्यौदाको चरणमा रहेका छन् ।

नेपाल प्रहरीको सञ्चालन र व्यवस्थापनलाई समयानुकूल बनाउन र प्रहरी समायोजनलाई व्यवस्थित गर्न नेपाल प्रहरी ऐन २०१२ लाई प्रतिस्थापन गर्ने विधेयक, प्रहरी समायोजन ऐन २०७६ लाई संशोधन गर्ने विधेयक र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन २०७६ लाई संशोधन गर्ने विधेयक संसदको यसै अधिवेशनमा पेश गर्नेगरी तयार गरिएको छ । सम्मानित सदनबाट कानुन पारित भएलगत्तै प्रहरी समायोजनको काम तुरुन्त अघि बढाइने गरी समायोजनको तयारी भैरहेको छ ।

जाजरकोट, बझाङ र डोटीमा भूकम्पपछिको पुनर्निर्माणका सन्दर्भमा विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुननिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८० का आधारमा भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणको कार्यलाई गति दिने विषय सरकारको उच्च प्राथमिकतामा छ । यो कार्य शीघ्र प्रारम्भ गरिनेछ ।

**प्रश्नकर्ताः छविलाल विश्वकर्मा**

मैले प्रतिनिधित्व गर्ने रूपन्देही निर्वाचन क्षेत्र नम्बर १ समेतका नेपाली जनताका तर्फबाट निम्न प्रश्नहरूको जवाफ गर्दछु । आज पनि यो देशमा लाखौँ लाख जनता भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी छन् । देशको संविधानले मौलिक हकका रुपमा यिनको अधिकारलाई सुनिश्चित गरेको छ । भूमिहीन दलितको हकमा सोको कार्यान्वयन गर्न कानून समेत बनेको छ । कतिलाई तीन वर्षभित्र जग्गा उपलब्ध गराउने भनेको छ । त्यो ३ वर्ष कहिले आउँछ सरकार ? यसप्रकार वर्षौं वर्ष जमिन भोग गरेका तर आफ्नो नाममा केही नभएका, राष्ट्रिय आवास कम्पनीको आलटालले पीडित यी अव्यवस्थित बसोवासीको कहिले सम्बोधन हुन्छ सरकार ? पुस्ता दर पुस्ता सुकुम्वासी हुन बाध्य यी जनतालाई लालपुर्जा चाहियो सरकार । आश्वासन चाहिएन, पुग्यो ।

हामी भन्दै छौँ, व्यवस्था बदल्यौँ अब जनताको अवस्था बदल्छौँ, यो संविधानको मुख्य विशेषता सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, समानुपातिक समावेशीता र धर्म निरपेक्षता हुन भन्नेमा द्विविधा छैन । तर १४ प्रतिशत जनताको प्रतिनिधित्व कता खोज्ने हो ? संविधानको कार्यान्वयन कसले गर्ने हो ? स्वयम् प्रधानमन्त्रीज्यूको मन्त्रिपरिषद्को भित्र यी किन समेटिन सकेनन ? प्रदेश सरकारदेखिका राज्यका सबैजसो क्षेत्रमा किन वञ्चित गरियो ? देशको संविधान उल्लंघन अधिकार तपाईंलाई कस्ले दियो सम्माननीय प्रधानमन्त्रीज्यू ? हरेक पाईला पाईलामा जातपात र छुवाछुतको भेदभाव अन्यायमा पारिएका, हेपिएका तर आफ्नो कला, सिप र श्रमले सिङ्गो समाजको सेवा गर्दै आएका यी दलित जनताले मानव कहिले पाउने ? परम्परागत कला र सिपले प्रोत्साहन कहिले पाउने ? जवाफ चाहियो सरकार । हाम्रो दक्षिणतर्फ छिमेकी देश भारतसँग १८०० किमी खुला सिमा छ । सिमानामा माटोको रक्षा गरेर बसेका नेपाली बिना पोशाकका सिपाही हुन् । रक्षक हुन् तर ती सताईएका छन् । गरिबीको मारमा तिनै छन् । भारतीय प्रहरी प्रशासनले बिना कुनै कारण दुःख दिएको छ । नेपाली प्रहरी प्रशासनले पनि दुःख दिएको छ । सीमावर्ती जनताको सुरक्षा, विकास पूर्वाधारदेखि जीवनमा बदलाव ल्याउने सरकारको के योजना छ ? महामानव गौतम बुद्धको जन्मस्थान लुम्बिनीको वृहत्तर विकासको गुरुयोजनाले कहिले मूर्तता पाउँछ ? बुद्धको मावलीदेखि बुद्धकालीन प्राकृतिक सम्पदा रोहिणी नदीको संरक्षण र करिडोरसहितको विकासको पहलमा सरकारले ध्यान नदिँदा पर्यटकले त्यस समययको रोहिणी नदी खोज्ने तर हामीले विद्रुप नदी देखाउनुपर्ने स्थिति कहिले अन्त्य गर्ने? सम्माननीयज्यू, हरेक परिवर्तनका लागि योगदान दिने (पछिल्लो बेला खासमा लोकतन्त्र गणतन्त्रको लागि) लाखौँ प्रवासी नेपाली सम्पन्न भएपछि कहिल्यै राज्यबाट स्नेह पाएनन् । समस्याको समाधान भएन । उनीहरु भन्छन्– खोलो तर्यो लौरो बिर्स्यो । रोजगारी सिलसिलामा इजरायल पुगेका कञ्चनपुरका वीपिन जोशीलाई विद्रोही पक्ष हमासले कब्जामा लिई हालसम्म पनि बनाएको छ । उनको अवस्था के छ ? जवाफ पाउँ ।

**प्रधानमन्त्रीको जवाफ**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या सम्बोधन गर्न गठित राष्ट्रिय भूमि आयोगबाट हालसम्म पाँच हजार तीनसय परिवारलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको र सात सय २८ स्थानीय तहसँग आयोगले सम्झौता गरिसकेको छ । हालसम्म १४ लाख ३६ हजार चार सयभन्दा बढी निवेदनहरु सङ्कलन भएकोमा १० लाख ४७ हजार एक सय २२ निवेदन कम्प्युटरमा प्रविष्ट गरिसकिएको छ । आयोगका कार्यहरुलाई प्रभावकारी बनाउन वन ऐन र भूमिसम्बन्धी ऐन संशोधनको प्रक्रिया अघि बढाइएको र कानुन संशोधनसँ ँगै हालसम्म नापजाँच र नक्साङ्कन भइसकेका २ लाख ४३ हजार पाँच सय ६१ कित्ता तत्काल उपलब्ध गराउने तयारी आयोगले गरेको छ ।

राष्ट्रिय आवास विकास कम्पनीमार्फत देशका विभिन्न स्थानका आफ्नो स्वामित्व वा भोगाधिकार रहेको फुटकरतर्फ तीन हजार ४३ बिघा चार कट्ठा दुई धुर र जग्गाधनी प्रमाणपत्र भएको १७२ विघा चार कट्ठा आठ धुर गरी कुल ३२ सय १५ बिघा आठ कट्ठा १० धुर जग्गामा साविकको पुनर्वास कार्यक्रम अन्तर्गत तत्तत् स्थानमा बसोबास गरिरहेका स्वबासीहरूलाई घडेरी उपलब्ध गराउने नीति रहेको छ । त्यसअनुरूप हालसम्म दुई सय सात परिवारलाई घडेरी उपलब्ध गराइएको छ । घडेरी उपलब्ध गराउन बाँकी १२ हजार चार सय ५३ परिवारलाई आवश्यक कानूनी एवं नीतिगत व्यवस्था गरी यथाशीघ्र घडेरी वितरण गरिनेछ ।

दलितहरूको समग्र विकास र उचित प्रतिनिधित्वको सम्बन्धमा मैले माननीय चन्द्र बहादुर विश्वकर्माले राख्नुभएको जिज्ञासा सम्बोधन गर्ने सन्दर्भमा स्पष्ट पारिसकेको छु । सीमावर्ती क्षेत्रका नागरिकहरु सीमाका रक्षक हुन् । सीमा क्षेत्रका नागरिकको आर्थिक–सामाजिक विकासका लागि सरकारले सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको छ ।

लुम्बिनी बृहत्तर विकास गुरूयोजना राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयन भइरहेको छ । थप साधन स्रोतको व्यवस्था गरी उक्त आयोजना कार्यान्वयनलाई तीव्रता दिइनेछ । लुम्बिनी विकास गुरूयोजनाभित्रका सम्पदाहरूको खोजी, उत्खनन् र विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ । इजरायलमा अध्ययनका लागि गएका नेपाली विद्यार्थी वीपिन जोशीको रिहाइका लागि सरकारले निरन्तर प्रयास गरिरहेको र सरकारले मध्यस्थकर्ता देशहरु मार्फत समेत निजको रिहाइका लागि संवाद गरिरहेको छ ।

**प्रश्नकर्ताः गङ्गा कार्की**

ललिता निवास, भुटानी शरणार्थी, सुन तस्करी प्रकरणलगायतका फाइल खोलेर अपराधमा संलग्नहरुलाई कार्बाहीको दायरामा ल्याएकोमा वर्तमान सरकारलाई धन्यवाद दिन चाहन्छु । प्रधानमन्त्रीज्यू, अब बाँकी भ्रष्टाचारका फाइल खुल्छ की खुल्दैन? दुग्ध पदार्थ, माछा र कुखुराको मासुमा आत्मनिर्भर भएको मुलुकमा बिचौलियाका कारण किसानहरु अत्यन्त मारमा परेका छन् । यसको समुचित व्यवस्थापन गर्न सरकारको के योजना छ ? दुध, उखु र निर्माण व्यवसायीको सरकारले व्यहोर्नु पर्ने बाँकी बक्यौता फरच्यौट गर्न किन ढिला सुस्ती गरेको ? दोलखालाई पर्यटकीय जिल्ला घोषणा गर्न सरकारको के नीति छ ? दोलखाको खरिढुङ्गास्थित म्याग्रेसाइट उद्योग कहिलेदेखि संचालन हुन्छ ? के दोलखाको फलाक नाका खोल्ने कुरा यो वर्षको नीति तथा कार्यक्रममा पर्छ कि पर्दैन ? तामाकोशी तेस्रो हाइड्रो पावर जलासययुक्त बन्नु पर्छ, नत्र बन्न दिँदैनौ भन्ने कुरामा दोलखालीहरु एकमत छन् । यसमा सरकारको योजना के छ ?

**प्रधानमन्त्रीको जवाफ**

भ्रष्टाचारको छानविनको सम्बन्धमा मैले यसअघि नै सांसद चन्द्रकान्त भण्डारीको प्रश्नको जवाफ दिने क्रममा सरकारको धारणा राखिसकेको छु । मेरो नेतृत्वको सरकार गठन भएदेखि नै सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिँदै आएको छ ।

मिटरब्याज, भुटानी शरणार्थी, सुन तस्करी, सरकारी जग्गा हिनामिनालगायत जुनसुकै विषय वा क्षेत्रका आपराधिक क्रियाकलापको निष्पक्ष र तथ्यपरक अनुसन्धान तथा छानविन गरी यस्ता कार्यमा संलग्न व्यक्ति वा समूहलाई कानूनी कारवाहीको दायरमा ल्याउन सरकार दृढ छ । भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको छ ।

नेपाली कृषकहरुको निरन्तरको प्रयासबाट दुध, माछा र कुखुराको मासुउत्पादनमा देश आत्मनिर्भरता नजिक पुगेको छ । यसलाई स्थायित्व दिन सरकार निरन्तर प्रयत्नशील छ । दुध, माछा र कुखुराको मासुको मूल्य शृङ्खलालाई कृषकमुखी बनाउन उद्योगसँग खरीद सम्झौता एवम् 'बाइ ब्याक ग्यारेन्टी' गरी साझेदारीमा उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यक्रमहरु केन्द्रित गरिएका छन् ।

उखु किसानहरुले प्रोत्साहन अनुदानबापत पाउने गतवर्षको रु एक अर्ब ३२ करोड भुक्तानी गरिसकिएको छ । आर्थिक वर्ष २०७१÷७२ को कञ्चनपुर र कपिलवस्तु जिल्लाका उखु किसानको पुरानो बक्यौता सम्बन्धित उद्योगबाटै भुक्तानी गराउन सरकारले समन्वय गरिरहेको छ । किसानलाई तत्काल दुधको मूल्य भुक्तानी गर्न नेपाल सरकारबाट दुग्ध विकास संस्थानलाई रु ३० करोड ऋणको व्यवस्था गरिएको छ । साथै अन्य उद्योगीहरुका लागि आफ्नो उत्पादनलाई धितोमा राखी बैंकमार्फत् ऋण प्रवाह गर्न सहजीकरण गरिएको छ ।

नेपालका महत्वपूर्ण स्थान तथा गन्तव्यलाई पर्यटकीयस्थल तोक्ने नीति अनुरूप दोलखा जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरूको पहिचान गरी सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा दोलखा जिल्लाको पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्य भइरहेको छ । तामाकोशी तेस्रो जलविद्युत आयोजनाका सन्दर्भमा आयोजनाको विस्तृत अध्ययन तथा डिजाइन कार्य पछि मात्रै आयोजना कुन स्वरूपमा निर्माण गर्ने भन्ने निर्क्यौल हुन्छ। आयोजनाको निर्माण गर्दा राज्यलाई बढीभन्दा बढी लाभ हुने गरी मात्र स्वीकृती दिइनेछ ।

दोलखाको म्याग्रेसाइट उद्योग सञ्चालनका लागि गठित कार्यदलले दिएको सञ्चालनको विकल्पसहितको प्रतिवेदन कार्यान्वयनको अध्ययन भैरहेको छ । उक्त उद्योग सञ्चालनका लागि उद्योग सञ्चालक साझेदारले उद्योगको खानी क्षेत्रको थप अध्ययन गरिरहेको छ । प्राविधिक अध्ययन पश्चात् उपयुक्तताको आधारमा उद्योग छिट्टै सञ्चालन हुनेछ ।

दोलखाको फलाक नाका खोल्ने विषयमा मित्रराष्ट्र चीनसँग कूटनीतिक पहल भैरहेको र चीन सरकार सकारात्मक रहेको छ । छिमेकी देशहरुसँग जोडिएका सीमा नाका खोल्ने तथा व्यवस्थित गर्ने विषय सरकारको प्राथमिकतामा रहेको छ । निर्माण व्यवसायीको बाँकी रकम भुक्तानी गर्ने विषयमा सम्बन्धित मन्त्रालयको माग बमोजिम आवश्यक रकम निकासा एवम् भुक्तानी भइरहेको र बाँकी रकम समेत शीघ्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

**प्रश्नकर्ताः छिरिङ ल्यामु लामा तामाङ**

गणतन्त्र स्थापनापछिका १५ वर्षमा देशको आर्थिक सामाजिक सुचकाङ्कमा निकै परिवर्तन आएको छ । अँध्यारोमा रहेको देशले उज्यालो प्राप्तिको आधार र आशा थपिदिएको छ । तपाईं पहिलोपटक देशको प्रधानमन्त्री हुँदा अर्थतन्त्रको आकार बढेको थियो । राष्ट्रिय गौरवका आयोजना तथा रणनीतिक आयोजना घोषणामार्फत् देशले भौतिक विकासको लय समातेको थियो । दोस्रोपटक देशको प्रधानमन्त्री हुँदा १८ घण्टा लोडसेडिङको अँध्यारोमा रहेको देशले उज्यालो यात्रा सुरु गरेको थियो । अहिले तेस्रो पटक प्रधानमन्त्री भैरहँदा सामाजिक न्याय, सुशासन र आर्थिक समृद्धिको महाअभियान चलेको छ । यसले निराशाको बीचमा रहेका नेपाली जनतामाझ आशाको किरण देखिएको छ । यो दृढ सङ्कल्प र आँट बोकेका प्रधानमन्त्रीज्यूले चाहेमा मात्र कर्णालीको मुहार फेरिनसक्छ । सदियौंदेखि उपेक्षामा रहेको जुम्लालाई अहिले पनि कुनै राष्ट्रिय गौरवको आयोजनाले समेट्दैन । सङ्घीयतामा कर्णालीको नाममा प्राप्त अधिकार साविक कर्णालीका जनताले उपभोग गर्न पाइरहेका छैनन । यो अन्याय र विभेद हटाउन प्रधानमन्त्रीज्यूको विशेष पहल हुनेमा कर्णालीका जनता आशावादी छन् । कर्णालीको स्रोत साधनको परिचालन गरी मूल्य शृङ्खला कायम गरिने भनेर विगतमा नीति तथा कार्यक्रम पनि नआएका होइनन् तर यसको कार्यान्वयन नभएको अवस्था छ । साविक कर्णाली जडीबुटीले सम्पन्न छ, त्यहाँ जडीबुटी प्रशोधन केन्द्रको स्थापना गरी रोजगारी सिर्जना गर्ने अवसर छ । जलविद्युतको प्रचुर सम्भावना हुँदाहुँदै जलविद्युतले प्राथमिकता नपाएको तितो यथार्थ छ । आव ०६२÷६३ देखि सडकले प्राथमिकता पाए पनि सडकले गुणात्मक फड्को मार्न सकेको छैन । सामाजिक आर्थिक विषयको उठान गर्नुपर्ने बेलामा सडककै मुद्दा उठाउन परेको छ ।

त्यसैले जुम्ला र माथिल्लो कर्णालीको मुहार फेर्ने स्याउ तथा सिमी विकास बोर्डको गठन, जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना, जुम्लामा रहेको स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई नेपालकै मेडिकल क्षेत्रको नमूना शैक्षिक संस्था बनाउन आवश्यक बजेट र पूर्वाधार विकास, जुम्ला एयरपोर्टलाई विस्तारलाई रणनीतिक महत्वका रुपमा कहिले अगाडि बढाउनु हुन्छ ? गत वर्ष नीति तथा कार्यक्रममा कर्णाली र सुदूरपश्चिममा एयर एम्बुलेन्स स्थापना गर्ने भनिएको थियो । अहिलेसम्म त्यो कार्यक्रम किन कार्यान्वयन भएन ? माथिल्लो कर्णालीका शैक्षिक जनशक्ति र राजनीतिक जनशक्तिको सरक्षण र अभिभावकत्व कसरी गर्नुहुन्छ ?

**प्रधानमन्त्रीको जवाफ**

कर्णाली प्रदेशको आर्थिक तथा सामाजिक रुपान्तरणका विषयमा सरकार गम्भीर छ । कर्णालीलगायतका प्रदेशहरुलाई समृद्ध बनाउन नै हामीले लामो सङ्घर्षमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेका हौँ । यही तथ्यलाई मध्यनजर गरेर गत आवको बजेटमा कर्णाली प्रदेशमा तुलनात्मक रूपमा सबैभन्दा बढी बजेट विनियोजन भएको तथ्य माननीयज्यूहरुलाई अवगत नै छ ।

पूर्वाधारको कमी, गरिबी, दुर्गम तथा पिछडिएको क्षेत्रका रुपमा चिनिएको कर्णालीलाई समृद्ध कर्णालीमा रुपान्तरण गर्न तीनै तहका सरकारबाट एकीकृत प्रयास भइरहेको छ । कर्णाली क्षेत्रमा हुने जडीबुटीलगायत कृषि र वनजन्य उत्पादन प्रवर्द्धन, पर्यटन विकास र प्राकृतिक स्रोतको समुचित उपयोगमार्फत विकास र समृद्धिको अपार सम्भावना रहेको कर्णालीको मुहार फेर्न नेपाल सरकार प्रतिबद्ध छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेश लक्षित एयर एम्बुलेन्स स्थापना गर्ने सम्बन्धमा सरकारले हाल विपद्मा परेका नागरिक र गर्भवतीहरुको उद्धारका लागि नेपाली सेनाको हेलिकोप्टर २४ घण्टा नै सुर्खेतमा राख्ने व्यवस्था मिलाइएको छ । यसबाट जाजरकोटमा ३५८ रुकुम २१ जना भूकम्प प्रभावितका नागरिकको उद्धार गरिनुका साथै तथा कर्णाली प्रदेशका २२१ जना र सुदूरपश्चिम प्रदेशका १०७ जना महिलाहरुलाई सेवा प्रदान गरिएको छ ।

**प्रश्नकर्ताः गोमालाभ सापकोटा**

पोसाक दिवसका अवसरमा हाम्रो पार्टी जनमत पार्टी धोती लगाएर दिवस मनाउने क्रममा हाम्रो पार्टीको राष्ट्रिय अध्यक्ष डा सिके राउत र मन्त्रीसहित ५१ जनालाई प्रहरी प्रशासनले लछार गरी विना सूचना गिरफ्तार ग¥यो । त्यस्तै मधेस प्रदेशको सप्तरी जिल्लामा कृषि विश्व विद्यालय उद्घाटनमा मधेस प्रदेश शिक्षामन्त्री र प्रदेश सांसदहरूको टाउको फुटाइयो । यी दुईवटा घटनामा प्रधानमन्त्रीबाट के, कुन प्रकारको कारवाही गरियो त्यो जान्न चाहन्छु । यदि कारबाही हुँदैन भने त्यो अवस्थामा सम्माननीयज्यू भई दिए के गर्नु हुन्थ्यो ?

**प्रधानमन्त्रीको जवाफ**

पोशाक दिवसका अवसरमा भएको घटना तथा सप्तरीमा कृषि विश्वविद्यालय उद्घाटनका बेला भएको घटनाका विषयमा यहाँले प्रश्न गर्नुभएको छ । नेपाल सरकार सबै जातजाति, सम्प्रदाय र धार्मिक सामाजिक विविधतालाई सम्मान गर्दछ । जनमत पार्टीका अध्यक्ष डा सिके राउतसहित मन्त्रीज्यूलाई धोती लगाएको आरोपमा नभई निषेधित क्षेत्र उल्लङ्घन गरेको कारणले नियन्त्रणमा लिइएको र उहाँको रिहाइका लागि गृहमन्त्री स्वयं नै महेन्द्र पुलिस क्लवमा गई सहजीकरण गर्नुभएको थियो । त्यसैगरी मधेस प्रदेशस्थित सप्तरी जिल्लामा कृषि विश्वविद्यालयको उद्घाटनका क्रममा दुई पक्षको सम्भावित भिडन्त रोक्न र शान्ति सुरक्षा कायम गर्ने क्रममा तोकिएको सीमा रेखा पार गरी अघि बढ्न खोज्ने समूहलाई रोक्न सामान्य बल प्रयोग भएको थियो । यस घटनाका बारेमा प्रहरीमा कुनै जाहेरी नपरेको विषय समेत यस सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु ।

**प्रश्नकर्ताः चित्रबहादुर केसी**

बाग्लुङबाट गल्कोट सेवा केन्द्र लैजाने प्रतिबद्धता जनाउनु भएकोमा हालसम्म किन कार्यान्वयन हुन सकेन ?

**प्रधानमन्त्रीको जवाफ**

यहाँले बाग्लुङबाट गल्कोट सेवा केन्द्र लैजाने प्रतिवद्धताका सम्बन्धमा सान्दर्भिक जिज्ञासा राख्नुभएको छ । बाग्लुङ जिल्लाको गल्कोटमा इलाका प्रशासन कार्यालय नै स्थापना गर्ने विषयमा सरकारले आवश्यक तयारी गरिरहेको विषय म सम्मानित सदनलाई जानकारी गराउँदछु । रासस

# ‘बस एक्कासि बजारियो उठेर चिच्याउँदै काखको छोरी खोज्न थालें’



**रासस**
**कास्की ।**
रुकुम पश्चिमको मुसिकोट नगरपालिका–३ की २८ वर्षीया सरिता ढकाल खड्का पोखराको मणिपाल शिक्षण अस्पतालको आकस्मिक कक्षमा उपचार गराइरहेकी छन् । रुकुमबाट काठमाडौँका लागि छुटेको खड्का चढ्ेको यात्रुवाहक बस सोमबार साँझ बाग्लुङको निसीखोला–६ मा दुर्घटना भएको थियो । सरिताको ढाड र टाउकामा चोट लागेको छ । सरिता तीन महिनाको छोरी ज्ञानु, ससुरा ६२ वर्षीय हर्कबहादुर केसी र सासू ५५ वर्षीया लिलासहित काठमाडौँ जाँदै थिए । घरबाट खाना खाएर सोमबार बिहान ९ः३० बजेतिर चारै जना बसमा चढ्े । मङ्सिरमा शिक्षक पेसाबाट सेवानिवृत्त सरिताका ससुरा हर्कबहादुरको काठमाडौँमा पेन्सन पट्टाको काम मिलाएका थिए । सासूले भनेपछि सरिता पनि छोरी लिएर जान तयार भए । सरितालाई पेटको समस्या भएकाले यही मेसोमा राजधानीमा राम्रो उपचार गर्ने योजना थियो । बस मध्यपहाडी राजमार्गमा आफ्नै गतिमा हिँडिरहेको थियो । साँझ पर्दै थियो । रुकुम र बाग्लुङको सीमा पातीहाल्नेमा खाजा खान बस रोक्ने यात्रुहरुको अनुमान विपरीत बस नरोकिईकन अघि बढ्यो । यात्रुहरु आफ्नै तालमा कोही निदाइरहेका थिए भने कोही मोबाइल हेरिरहेका थिए । सरिता पनि छोरीलाई काखमा सुताएर निदाइरहनुभएको थियो । निसीखोलाको जाउलेपानीमा आइपुगेपछि बसका केही यात्रु गाडी गयो, गयो भनेर एक्कासि चिच्याउन थाले । सरिता पनि झल्यास्स भइन् र काखको छारीलाई च्याप्प समाइन् । बस एक बल्डङ खाएको सरितालाई याद छ । उनी त्यही अड्किनु भएछ । मणिपाल अस्पतालको आकस्मिक कक्षबाट खड्काले भनिन्, ‘एक्कासि बस गयो गयो भनेर सबै चिच्याए, मलाई बोल्न आएन, छोरीलाई च्याप्प समाएँ, बस एक्कासि बजारियो, त्यही बेला म बीचमा अड्किएको रहेछु, होसमा आउँदा छोरी काखमा थिइन, बस तल थियो, उठेर छोरी÷छोरी भनेर चिच्याएँ ।’ काखमा छोरी नदेखेपछि सरिता चिच्याइन् । भान्जाले माथि छन् भनेपछि सरिता सकी नसकी उठेर छोरी भएको ठाउँमा पुगिन् । छोरी रोइरहेकी थिइन् । भाञ्जाको सहयोगले माथि सडकमा निस्किइन् । बुर्तिबाङमा सामान्य उपचारपछि बाग्लुङ जिल्ला अस्पताल पठाएकामा अहिले सरिता, छोरी, सासू÷ससुरासहित पाँच जनाको मणिपालमा उपचार भइरहेको छ । दुर्घटना कसरी भयो भन्ने उनलाई केही जानकारी छैन । बस एक्कासि सडकबाट तल खसेको मात्र उनलाई थाहा छ । पछि घाइतेहरुले बस तीव्र गतिमा भएको बताएको सरिताले बताइन् ।

# ‘चालकको लापरबाहीले दुर्घटना भयो’





**रासस**
**बागलुङ ।**
‘सोमबार दिउँसो १२ बजेतिर रुकुम पश्चिमबाट काठमाडौँका लागि छुट्नुपर्ने बस करिब एक घण्टा ढिला गरी छुट्यो । साँझ पाँच बजेतिर निसीखोला आइपुग्दासम्म गाडीको गति तीव्र भइसकेको थियो । पहाडी बाटोमा तीव्र गतिकै कारण बस दुर्घटनामा प¥यो’, धौलागिरी अस्पतालको आकस्मिक कक्षमा उपचाररत घाइते दशरथ नेपालीले सुनाए । उनका अनुसार यात्रु कुर्दा रुकुममै ढिला भएपछि चालकले रानीकोटमा जाम छल्ने भन्दै गाडीको गति बढाएका थिए । ‘रुकुम र बागलुङको सीमाना पातीहाल्ने आइपुग्दा पनि गाडीको गति कम भएको थिएन । गाडी हुँइकिएपछि मैले सिट समातेर आफूलाई सम्हालिरहेको थिएँ’, उनले भने, ‘पातीहाल्नेबाट निसीखोलातर्फ लाग्ने सडक निकै घुमाउरो र ओरालो छ । यात्रुहरुले ओरालोमा अलिक सुस्त चलाउनु भन्दा पनि चालक अटेर गर्दै अघि बढेका थिए । ड्राइभरले घुम्तीमा मोड्न नसक्दा गाडी खस्यो ।’ घाइते दशरथको नाक, मुख र टाउकोमा चोट लागेको छ । उनी अन्य घाइतेहरुसँगै अस्पतालको आकस्मिक कक्षमा उपचाररत छन् । आकस्मिक कक्षमा केही घाइतेहरु पीडाले कराइरहेका छन् भने कही मलिन अनुहारमा शोक मनाइरहेका छन् । उनीहरुको उपचारमा चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली खटिएको छ । रुकुम पश्चिम मुसीकोट नगरपालिका–१ का नेपालीले



आफू पसलका लागि सामान लिन र त्यही मेसोमा आफन्त भेट गर्न काठमाडौँका लागि गाडी चढेको बताए । उनले गाडी अनियन्त्रित भएपछि केही यात्रुले हामफाल्न खोजे पनि सफल नभएको सुनाए । उनीसहितका घाइतेलाई प्रहरीले उद्धार गरी बुर्तिबाङमा सामान्य उपचारपछि रातिनै बागलुङ ल्याएको थियो । उनका अनुसार गाडीको अघिल्लो पट्टि बसेको धेरैको मृत्यु भएको छ । दशरथसँगै आकस्मिक कक्षमा उपचार गराइरहनुभएका रुकुम पश्चिम त्रिवेणी गाउँपालिका–१ का हेमराज केसीको टाउको र नाकमा चोट लागेको छ भने बाँया हात राम्रोसँग चलेको छैन । उनी पनि चालकको लापरबाहीले दुर्घटना भएको बताए । दुर्घटनामा परी घाइते भएकाहरुले धौलागिरी अस्पतालले विपद् व्यवस्थापन टिममार्फत उपचार गराइरहेको छ । अस्पतालका सूचना अधिकारी शान्ति भण्डारीले अहिले अस्पतालमा दुर्घटनाका २१ घाइतेको उपचार भइरहेको बताइन् । बागमती प्रदेश ०१–००६ ख ३८७९ बस दुर्घटनामा परी मृत्यु हुनेमा दाङका १८ वर्षीय लक्की पुन मगर, रुकुम पश्चिम मुसिकोट–१ का २७ वर्षिया बिनिता केसी, रुकुम पश्चिम मुसिकोट नगरपालिका–२ रातामाटाका सवारी धनी बबिददेल नेपाली, मुसिकोट नगरपालिका–४ सोलाबाङका ३५ वर्षीया टिका केसी, मुसिकोट नगरपालिका–३ साँखकी कल्पना केसी, रोल्पा घर भएका गाडी चालक सुवाष गौतम भनिने मानसिंह विक, गोरखा घर भएकी गीता थापा, ललितपुरका सुजन महर्जन र रुकुमपूर्व सिस्ने गाउँपालिका–५ रुमालबाराका २५ वर्षीय विक्रम परियार रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायव उपरीक्षक मदन केसीले जानकारी दिए । बस सडकदेखि अन्दाजी एक सय ५० मिटर तल खसेको थियो । सात जनाको घटनास्थलमै मृत्यु भएको र दुई जनाको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा मृत्यु भएको थियो । मृत्यु हुने अधिकांश रुकुमका छन् । घटनास्थलमै मृत्यु भएका सात जनाको शव सङ्कलन गरी सोमबार रातिनै रुकुम पठाइएको उनको भनाइ छ । दुई जनाको शव भने बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमै राखिएको छ । बसमा ३७ जना यात्रु सवार थिए ।




# दुर्घटनाको डरलाग्दो तथ्य !



**शुक्रऋषि चौलागाई**
**काठमाडौँ ।**
बागलुङको निसीखोला गाउँपालिका–६ स्थित जाउलेपानीमा हिजो बस दुर्घटना हुँदा नौजनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । रुकुम पूर्वबाट काठमाडौँ जाँदै गरेको बस साँझ मध्यपहाडी लोकमार्गमा दुर्घटनामा भएको हो । यस्तै हिजै पश्चिम दाङमा यात्रुवाहक जिप पल्टिँदा घाइते भएकामध्ये एकजनाको मृत्यु भएको छ । पश्चिम दाङको गँगटेबाट तुलसीपुरका लागि छुटेको जिप भाङाबारी नजिकै उकालोमा पल्टिँदा सातजना घाइते भएका थिए । दिनहुँजस्तै यस्ता दुर्घटनाबाट जनधनको क्षति हुने गरेको छ ।

दुई महिनाअघि यात्रुवाहक बस भालुवाङको पुलबाट तल राप्ती नदीमा खस्यो । नेपालगञ्जदेखि काठमाडौँ गइरहेको बस राति १० बजेतिर एक्कासि पुलको रेलिङ भत्काउँदै तल खसेको थियो । बस राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु भयो भने २० जना घाइते भए । घाइतेहरुको उद्धार गर्न नै दुई घण्टा लाग्यो ।

यस्तै एक महिनाअघि महेन्द्रनगरबाट काठमाडौँतर्फ जाँदै गरेको बस कपिलवस्तुको शिवराज नगरपालिकाको सुरईमा दुर्घटनामा प¥यो । राम्रै अवस्थाको बाटोमा भएको दुर्घटनामा पनि १० जनाको मृत्यु भयो । त्यसअघि पाल्पाको मस्याममा पनि जिप दुर्घटना हुँदा १० जनाको मृत्यु भएको थियो । १३ जना मात्र चढ्न मिल्ने जिपमा २६ जना चढेको पाइएको प्रहरीले बताएको थियो । क्षमताभन्दा अधिक भार र कच्ची बाटो नै दुर्घटनाको मुख्य कारण रहेको नेपाल प्रहरीको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीले जनायो । माथिका दुई दुर्घटना भने तीव्र गतिकै कारण भएको पनि प्रहरीको प्रतिवेदन छ ।

यी प्रतिनिधिमूलक सवारी घटना हुन् । ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरणका लागि अनेक प्रयास गरिरहे पनि दिनहुँजसो दुर्घटना भइरहेका छन् । सडक, चोकलगायत विभिन्न स्थानमा ट्राफिक प्रहरीले जाँच गरिरहँदा पनि सवारी चालकले क्षमताभन्दा बढी यात्रु राख्ने, तीव्र गतिमा गुडाउने र ट्राफिक नियम मिच्ने गरिरहेका छन् । राजमार्गमै त यस्ता घटनाहरु भइरहेका छन्भने ग्रामीण सडक÷बाटोहरुमा चल्ने सवारी साधनहरुको अवस्था कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ ।

देशभरमा कहीँ न कहीँ हरेक दिन साना–ठूला दुर्घटना भइरहेका छन् । ती दुर्घटनामा ठूलो जनधनको क्षति पनि भइरहेको छ तर पनि राज्य आफ्ना नागरिकको अनाहकमा ज्यान गइरहँदा पनि गम्भीर बनिरहेको पाइएको छैन । सवारी दुर्घटना किन र कसका कारण, कसरी भइरहेको छ ? दुर्घटनाको वास्तविकता के हो ? भन्नेसम्म पत्ता लगाउन कसैले जरुरी ठानेको देखिँदैन । जबकि दुर्घटनापछि
अध्ययन÷अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई न्याय, क्षतिपूर्ति दिन सक्नुपथ्र्यो । दुर्घटनाको वास्तविकता पत्ता लगाई न्यूनीकरणका लागि दीर्घकालीन रणनीति र योजना बनाउन कस्सिनुपथ्र्यो । तर सरकारले त्यसमा कुनै प्रभावकारी कदम नै चालेको छैन । सरकारले दुर्घटना न्यूनीकरणका लागि कस्तो मार्गमा कस्ता प्रकृतिका गाडी गुड्न दिने, कति सङ्ख्यामा गुडन दिने भन्ने स्पष्ट मापदण्ड नै बनाएको छैन । सवारी साधनको भार÷क्षमताको नियमन गर्ने कुनै निकाय नै छैन । अहिलेसम्म सो को आवश्यकता पनि महसुस गरिएको छैन । जबकि भार बढी भएमा सडक कमजोर भई दुर्घटना निम्तिने हुन्छ । दुर्घटनालाई केवल दुर्घटना वा भवितव्य घटनाका रुपमा मात्र लिइनु मूर्खता हो । कुनै दुर्घटनाका पछाडि गम्भीर कारण हुन्छन् । कहीँ न कहीँ कसै न कसैको थेरथोर लापरबाही र कमजोरीकै कारण दुर्घटना वृद्धि भइरहेका छन्, हुन्छन् । सडक दुर्घटनामा लुम्बिनी प्रदेशमा २०७७ देखि अहिलेसम्म एक हजार आठ सय ६१ जनाको ज्यान गएको छ । त्यति समयमा भएका सडक दुर्घटनामा तीन हजार छ सय ८९ जना गम्भीर घाइते भएका छन् भने दुई हजार दुई सय ७७ जना सामान्य घाइते भएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीको पछिल्लो तथ्याङ्कअनुसार चारवर्षे अवधिमा चार हजार १२ वटा सवारी दुर्घटना भएका छन् । सबैभन्दा बढी दुर्घटना र मृत्यु रुपन्देहीमा भएको तथ्यले देखाएको छ । ट्राफिक प्रहरीका अनुसार सवारी दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएका छन् । तीव्र गति र मापसेकै कारण अधिकांश दुर्घटना भएको पनि प्रहरीको भनाइ छ । यी सबै तथ्यले प्रस्ट देखाउँछ–दुर्घटनासँगै ज्यान जाने र घाइते हुनेको सङ्ख्यामा कुनै कमी आएको छैन ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा पछिल्लो पाँच वर्षमा सडक दुर्घटनामा परी १२ हजार छ सय १२ जनाको मृत्यु भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९÷८० मा मात्र ३५ हजार सात सय ५४ वटा सडक दुर्घटनाका घटना भएका छन् । सडक दुर्घटनामा ज्यान गुमाउनेको पछिल्लो तथ्याङ्कअनुसार १० वर्षे सशस्त्र द्वन्द्वमा ज्यान गुमाउनेको सङ्ख्याभन्दा दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या बढी छ । अर्थात् द्वन्द्वमा दैनिक ज्यान गुमाउनेको दरभन्दा दुर्घटनामा ज्यान गुमाउनेको दर बढी छ । सडक दुर्घटनाका कारण नेपालमा बर्सेनि औसतमा दुई हजार पाँच सयभन्दा बढीको ज्यान जाने गरेको भए पनि यस्ता मानवीय त्रुटि कम गर्ने सम्बन्धित पक्षले खासै ध्यान नदिएको विज्ञहरूको आरोप छ । सडक सुरक्षामा संवेदनशील नहुँदा हरेक वर्ष दुर्घटनाबाट ठूलो मानवीय क्षति हुँदै आएको् छ । नेपालमा सवारी साधनको सङ्ख्याका हिसाबले दुईपाङ्ग्रे सवारी साधन दुर्घटनाको सङ्ख्या धेरै रहेको छ तर मानवीय क्षति धेरै गराउने सवारी साधनमा भने यात्रुवाहक सवारी साधनको सङ्ख्या धेरै रहेको छ । प्रहरी्को अध्ययनमा पाँच कारणले सडक दुर्घटना भएको औँल्याइएको छ— चालक, सवारी साधन, सडक पूर्वाधार, यात्रु र मौसमका कारण । यसमा पनि चालक र सवारी साधनका कारण भएको दुर्घटना अधिक भएको देखिन्छ । नेपालमा लगभग एक लाख किलोमिटर सडक छन् । यस्ता सडकहरू कति सुरक्षित छन् भनेर हेर्ने निकाय नै छैन । सडक विभाग सानो क्षेत्रमा मेरो सडक भनेर बस्ने, प्रदेश र स्थानीय तह आफ्नो क्षेत्रको सडक र त्यसको सुरक्षाबारे आपसी समन्वय र उत्तरदायी नबन्दा दुर्घटना दोहोरिइरहेका छन् । संसारमा सडक दुर्घटनामा सबैभन्दा ठूलो मृत्युको कारण तीव्र गति देखिएको छ । कूल दुर्घटनामा ४० देखि ५० प्रतिशत मृत्यु तीव्र गतिकै कारण भएको छ । नेपाल जस्तो मुलुकमा सडक दुर्घटना बढ्नुमा दुईपाङ्ग्रे सवारी साधन धेरै हुनु हो । नेपालमा दर्ता भएका कूल सवारी साधनमा ८० प्रतिशत सवारी साधन दुईपाङ्ग्रे छन् र यसका प्रयोगकर्ता सुरक्षाका मामलामा कमजोर छन् । यसले दुर्घटना निम्त्याइरहेको छ । क्षमताभन्दा बढी यात्रु, साँघुरो सडक त्यसमाथि जीर्ण अवस्था, अपरिपक्व र अदक्ष चालक, सवारी साधनको नियमन गर्ने निकायको अभाव, सडक सङ्केतको अभाव, यातायात व्यवसायी समितिको सिण्डिकेट आदि पनि दुर्घटनाका कारण मान्न सकिन्छ । बनेका कानुन नियमको पूर्ण पालना छैन । कुन मार्गमा कस्ता गाडीहरु चल्न दिने त्यसको यकिन मापदण्ड नै बनाइएको छैन । यातायात व्यवसाय समिति, यातायात व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा छ । यात्रुलाई सेवासुविधा दिनेतर्फ सम्बन्धित निकाय र सरकारको ध्यान छैन । भौगोलिक विकटतासँगै साँघुरा र अव्यवस्थित मार्गहरु छन् । कच्चीबाटो छ । खोला नदीमा पुल पुलेसा छैनन् । गाडी हाँकिरहेका बेला मोवाइल फोन चलाउनु, थोत्रा र पुराना गडी हुनु, यात्रुको चापअनुसारको सवारी साधन नहुनु, अगाडिका गाडीलाई उछिन्न खोज्नु या अगाढि जान खोज्नेलाई ठाउँ नदिनु, क्षमताभन्दा बढता यात्रु र सामग्री राख्नु, सवारी साधनको मर्मत नगर्नु, तीव्र गतिमा कुदाउनु, मदिरा सेवन गरी चलाउनु, अदक्ष सहयोगी, मालिक, कन्डक्टरले गाडीले चलाउनु, यात्रुहरुले पनि ट्राफिक व्यवस्थालाई सम्मान नगर्नु, जहाँतहींबाट बाटो काट्नु, पैसा खुवाएर लाइसेन्स ल्याउनु, पर्याप्त सवारी साधान नभएर बाध्य भएर चढ्नु पनि दुर्घटना बढावाका प्रमुख कारण हुन् ।

ट्राफिक प्रहरीले नियम मिच्ने चालकलाई कारबाही पनि गरेको छ तर पनि सडक दुर्घटना बढ्दै गएको देखिन्छ । पछिल्लो समय प्रहरीले ट्राफिक सचेतनाका अभियान पनि बढाएको छ । दुर्घटनालाई पूर्णतयाः रोक्न नसकिए पनि क्षति कम गर्न भने सकिन्छ । सरोकारवाला निकायले कुनै पनि दुर्घटना हुनेबित्तिकै छानबिन गरी वास्तविकता सार्वजनिक गर्ने र समस्या समाधानको हल गर्ने प्रयास गर्नुपर्छ । दुर्घटना न्यूनीकरणका उपायबारे नीति बनाई कार्यान्वयन गरिनुपर्छ । ऐन विपरीत सवारी चलाइएको छ कि छैन ? दिनहुँ अनुगमन गर्ने व्यवस्था मिलाइन जरुरी छ । सडकको अनुशासन र गुणस्तरबारे चालक, यातायात व्यवसायी र सहयोगीलाई बुझाउन जरुरी छ । ट्राफिक सचेतना अभियानका कार्यक्रम निरन्तर सञ्चालन गरिनुपर्छ । सडक दुर्घटना राज्यको समस्या हो । नागरिक दुर्घटनामा पर्दा राज्यलाई दुख्दैन र त्यो जसलाई प¥यो, उसैले भोग्ने हो भन्ने अवस्था रहेसम्म सडक दुर्घटना रोकिन्न । तथापि, सडक प्रयोगकर्ता, सडकका चालक, यात्रु आफैँ पनि सचेत हुन भने जरुरी छ । जनताको जीउधनको सुरक्षा गर्ने जम्मेवारी राज्यको हो, त्यो दायित्वबाट राज्य कुनै पनि बहानामा पञ्छिन मिल्दैन ।

# मधेशबाट ८१ हजार बढी परीक्षार्थी एसइईमा सहभागी हुँदै



**मधेशदृष्टि**
**धनुषा ।**
मधेश प्रदेशबाट यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा धनुषाबाट सबैभन्दा बढी परीक्षार्थी सहभागी हुँदैछन् । यही चैत १५ गतेदेखि सुरु हुने एसइई मा मधेश प्रदेशबाट कूल ८१ हजार सात सय ६८ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालय जनकपुरले जनाएको छ । परीक्षामा मधेश प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी विद्यार्थी धनुषाबाट र सबैभन्दा कम सङ्ख्या सप्तरीबाट रहेका छन् । धनुषाबाट चार सय ८९ जना प्राविधिकतर्फका गरी १२ हजार दुई सय १४, सिराहाबाट १० हजार नौ सय २३, महोत्तरीबाट नौ हजार चार सय ३१, सर्लाहीबाट १० हजार आठ सय ९६, रौतहटबाट नौ हजार चार सय ६९, बाराबाट नौ हजार चार सय ४४, पर्साबाट १० हजार ६८ र सप्तरीबाट नौ हजार तीन सय २३ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालयले जनाएको छ । शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक दिलीप कुमार ठाकुरले परीक्षाका लागि आवश्यक तयारी द्रुत गतिमा भइरहेको बताए । निर्देशक ठाकुरले आठ जिल्लामा गरी दुई सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको छभने दुई सय ९५ केन्द्राध्यक्ष, पाँच सय ३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, आठ सय सात परीक्षा सहायक, एक हजार छ सय ३९ जना कार्यालय सहयोगी गरी जम्मा सात हजार छ सय ५८ जना कर्मचारी खटाइने बताए । आवश्यक तयारी करिब पूरा भएका बताउँदै निर्देशक ठाकुरले मधेश प्रदेशका सबै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयमा उत्तरपुस्तिका र प्रश्नपत्र जिल्लास्थित जिल्ला प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिए । उनले यस प्रदेशमा एसइई परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रुपमा सम्पन्न गराउन आठवटा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण तथा अनुगमन गरिने बताए । त्यसैगरी, मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायत निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने निर्देशक ठाकुरले जानकारी दिए ।

# कक्षा ८ को परीक्षा एकीकृत प्रणालीमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले यस वर्षबाट एकीकृत परीक्षा प्रणालीमार्फत आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा लिने भएको छ । चैत १५ गतेदेखि सुरु हुने कक्षा ८ को महानगरस्तरीय परिक्षाका लागि महानगरको परीक्षा समितिले ११ वटा परीक्षा केन्द्र तोकेको छ । जसमा ६ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयमा परीक्षा केन्द्र निर्धारण गरिएको महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले जानकारी दिए । सामुदायिक विद्यालयतर्फ त्रिजुद्ध मा.वि., नृसिंह मा.वि., श्रीपुर मा.वि., शारदा मा.वि.बहुअरी, माइस्थान विद्यापिठ मावि र ने.रा.मा.वि सोलकपुरमा परिक्षा केन्द्र निर्धारण गरिएको छ भने संस्थागत विद्यालय तर्फ सनलाईट मावि, मिनिल्याण्ड मावि, कादम्बरी एकेडेमी, जी.एच.पी. मावि र ओम नेशनल स्कूललाई परिक्षा केन्द्र निर्धारण गरिएको कर्णले जानकारी दिए । यसवर्ष कक्षा ८ को महानगरस्तरीय बार्षिक परिक्षामा ३६ वटा सामुदायिक विद्यालयका ३ हजार १४१ जना र ८२ वटा संस्थागत विद्यालयका २ हजार ५२१ जना गरी कूल ५ हजार ६५७ जना विद्यार्थीले सहभागिता जनाउने कर्णले बताए । चैत १५ देखि २२ गतेसम्म सञ्चालन हुने परीक्षालाई निष्पक्ष, शान्तिपूर्ण रुपमा सम्पन्न गराउन मंगलबार महानगरको परीक्षा समितिले ११ वटै केन्द्रमा केन्द्राध्यक्ष नियुक्त गर्नुका साथै उनीहरुका काम कर्तव्यका बारेमा जानकारी गराएको छ । परिक्षा सकिएपछि परिक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच गरि नीतजा तयार पारि चैत २८ गते सार्वजनिक गरिने कर्णले जानकारी दिए । आधारभूत तहबाटै अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन र शैक्षिक गुणस्तर उकास्ने उदेश्यले महानगरमा पहिलो पटक एकिकृत परीक्षा प्रणालीबाट आधारभूत तहको बार्षिक परिक्षा लिन लागेको महानगरका शिक्षा महाशाखा प्रमुख कर्णले बताए । उनले भने, विगतमा जुन विद्यालयमा अध्ययन गरेको हो सोही विद्यालयले नै परीक्षा लिएर उत्तरपुस्तिका पनि सम्बन्धित विद्यालयले जाँच गर्ने गर्थ्यो, त्यसमा केहि विद्यालय र शिक्षकहरुबाटै चलखेल हुन्थ्यो । ती सबै विकृति अन्त्य गर्न यसपालिदेखि महानगरले एकिकृत माध्यमबाट परीक्षा लिन लागेको हो । कर्णका अनुसार, एकिकृत परीक्षा प्रणाली सुरुभएसँगै अब भने अध्ययन अध्यापन सम्बन्धित विद्यालयले गर्ने र त्यसको मूल्यांकन तेस्रो पक्षबाट हुने छ । विद्यार्थीको सिकाई मापन तेस्रो पक्षबाट हुँदा निष्पक्ष र यथार्थपरक हुने भएकाले महानगरले यस वर्षबाट एकिकृत परीक्षा प्रणाली सुरु गरेको महाशाखा प्रमुख कर्णले बताए । मंगलबार नवनियुक्त केन्द्राध्यक्षहरुलाई महानगरकान मेयर राजेशमान सिंहले नियुक्तीपत्र प्रदान गर्दै आधारभूत तहको अन्तिम परीक्षा निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गराउन निर्देशन दिए ।

# गर्मी सुरु भएसँगै रोगको प्रकोप बढ्यो




**मधेशदृष्टि**
**वीरगंज ।**
चैत महिना शुरु भएसँगै मौसममा आएको परिवर्तनका कारण बारा, पर्सा लगायतका जिल्लामा रुघाखोकी, भाइरल ज्वरो तथा झाडापखाला, आउ, आखाँ पाक्ने लगायतका रोगको प्रकोप बढेको छ । बिहान बेलुकाको समयमा चिसो हुने तथा दिउँसो तातो हावासँगै गर्मी बढदा विभिन्नरोगको प्रकोप देखिएको हो । विशेष गरी पर्साको ठोरी, जीराभवानी, जगरनाथपुर, धोबिनी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका, पोखरीया, बहुदरमाई, पर्सागढी नगरपालिकामा रुघाखोकी, भाइरल ज्वरो तथा झाडापखाला, आउ, आखाँ पाक्ने लगायतका रोगको प्रकोप देखिएको चिकित्सकहरुले बताएका छन् । भाईरल फिबरसँगै रुघाखोकी, निमुनिया लगायतका रोगबाट पिडित भई हाल बारा, पर्सा, रौतहट जिल्लाबाट बीरगंज स्थित नारायणी अस्पतालमा दैनिक ५ सय देखि ७ सयसम्म विरामी आउने गरेको नारायणी अस्पतालका वरिष्ठ फिजिसियन डा. निरज सिंहले बताए । विशेष गरी मौसम परिवर्तनसँगै हुने सरुवा रोगको कारण स्कुले बालबालिकाहरु प्रभावित भएका छन् । अहिले बारा, पर्साका विद्यालयहरुमा बार्षिक परिक्षाको चटारो छ । परिक्षा चलि रहेको बेला बालबालिकाहरु विरामीहरु भएपछि अभिभावक चिन्तित भएको पर्सा जीराभवानी गाँउपालिका वडा नम्बर २ शान्तिनगर निवासी देवीका श्रेष्ठले बताइन् । जिराभवानी गाउँपालिका वडा नं २ स्थित सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले पहिलेको तुलनामा अहिले रुघाखोकी, भाइरल ज्वरो, झाडापखालाका बिरामी ५० प्रतिशतले बढेको बताइन् । उनले अधिकांशलाई स्वास्थ्य चौकीबाटै औषधी दिएपछि निको हुने र गम्भिर खालका विरामीलाई नारायणी अस्पतालमा रेफर गर्ने गरेको जानकारी दिए ।

चिकित्सकहरुले मौसम परिवर्तनको समयमा सरुवा रोगको जोखिम हुने हुँदा पानी उमालेर पिउनु पर्ने बताएका छन् । प्रशस्त पानीसँगै यो मौसममा ताजा तथा पोसिलो खानेकुरा फलफूल खानु पर्नेमा जोड दिएका छन् ।

# आठ महिनामा ९ अर्ब बढी राजश्व संकलन




**मधेशदृष्टि**
**बीरगंज ६ चैत ।**
आन्तरिक राजश्व कार्यालय सिमरा बारामा चालु आर्थिक वर्षको आठ महिनामा ९ अर्ब ४८ करोडभन्दा बढी राजश्व संकलन भएको छ । चालु आर्थिक वर्ष ०८०/०८१ को साउनदेखि फागुनसम्ममा कार्यालयले ९ अर्ब ४८ करोड ११ लाख ११ हजार राजस्व संकलन गरेको हो । आन्तरिक राजस्व कार्यालय सिमराले चालु आर्थिक बर्षको ८ महिनामा १२ अर्ब ९२ करोड ६२ लाख ३४ हजार राजस्व असुलीको लक्ष्य पाएकोमा लक्ष्य भन्दा २६.४५ प्रतिशतले कम राजस्व उठेको कार्यालयका प्रमुख कर अधिकृत राजकुमार खतिवडाले जानकारी दिए । चालु आवमा आन्तरिक राजस्व कार्यालय सिमराले अन्तःशुल्क, स्वास्थ्य सेवा शुल्क, मूल्य अभिवृद्धि कर, आयकर, घर बहाल कर, ब्याज कर र शिक्षा करसमेत गरी बार्षिक २० अर्ब ४४ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको छ । त्यसैगरी अन्त शुल्क तर्फ ११ अर्ब ९६ करोड २६ लाख ९४ हजार रुपैया लक्ष्य निर्धारण गरिएकोमा ८ अर्ब ४७ करोड ८६ लाख ३१ हजार रुपैया सङ्कलन भएको आन्तरिक राजस्व कार्यालय सिमरा, बाराले जनाएको छ ।

# ग्रामीण भेगका महिलामा पाठेघरको समस्या अधिक

**रासस**
**महोत्तरी ।**
महोत्तरीको ग्रामीण भेगका धेरै महिला पाठेघारको समस्याबाट पीडित भएका पाइएको छ । उनीहरूको स्वास्थ्य परीक्षण गर्दा पाठेघरको समस्या अत्यासलाग्दो पाइएको हो । लायन्स क्लब अफ बर्दिबास समाजले बर्दिबासमा आयोजना गरेको दुईदिने महिलाका लागि प्रजनन स्वास्थ्य शिविरबाट यो पुष्टि भएको हो । समाजले सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरको प्राविधिक सहयोगमा आइतबार र सोमबार सञ्चालन गरेको शिविरमा परीक्षण गरिएका आठ सय ५९ मध्ये दुई सय दुईजनाको पाठेघरमा गम्भीर समस्या पाइएको छ ।

शिविरमा परीक्षण गरिएकामध्ये ३३ जनामा क्यान्सर र ४२ जनामा आङ खस्ने समस्या पाइएको शिविरको प्राविधिक टोलीका वरिष्ठ निरीक्षक हरिहर उप्रेतीले जानकारी दिए । शिविरमा तीन सय ५० जनाको दोस्रो चरणको सूक्ष्म जाँच गरिएको जनाइएको छ । क्यान्सरको सङ्क्रमण भएमध्ये १९ जना २२ देखि ४० वर्ष उमेरसमूहका छन् ।

शिविरमा आङ खस्ने समस्याको प्रथम र दोस्रो चरणका १६ जनालाई 'रिङ' लगाइएको समाजका अध्यक्ष उमेश महतोले बताए । क्यान्सर लागेकामध्ये आठ जना, आङ खस्ने समस्याको तेस्रो चरणका २६ जनालाई शल्यक्रिया गरिनुपर्ने चिकित्सकले सुझाएका छन् । यिनीहरूको शल्यक्रिया काठमाडौँका अस्पतालमा निःशुल्क गराइने शिविरको प्राविधिक सहयोगी संस्था सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरले जनाएको छ । शिविरमा क्यान्सर सङ्क्रमण पुष्टि भएका ३३ मध्ये २५ लाई यहीँ नै प्रारम्भिक उपचार थालिएको छ । प्रारम्भिक चरणको सङ्क्रमण पाइएकाहरूको औषधिय उपचार गरिएको र उनीहरूले पाँचौँ महिनामा पुनः परीक्षण गर्नुपर्ने छ ।


## जनहितका लागि जारी सन्देश
## समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

### आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




### आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।

**शहिदनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**यदुकोहा, धनुषा, मधेश प्रदेश**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन